सांसदले जनताको विश्वास जित्न काम गरेर... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक २७५ • २०८१ साल फाल्गुन १७ गते शनिबार (1 March, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-


## 'जनता नक्कली मधेशवादी दलमा फस्यो'

**टुडे समाचारदाता**



राजविराज । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनता नक्कली मधेशवादी दलमा फसेको आरोप लगाएका छन् ।

राजविराजमा शुक्रबार पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले मधेशी जनतालाई भुलभुलैयामा राखेर नक्कली मधेशवादी दलमा फसेको बताए ।

उनले मधेशी जनताको मुक्तिका लागि जनतासंग माओवादीको विकल्प नभएको समेत दाबी गरे । उनले मधेशी जनताको मुक्ति माओवादीले नै गर्ने समेत बताए ।

जनतासँग माओवादी, तराई मधेश जागरण अभियानअन्तर्गत आयोजित स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी र नागरिक समाजका अगुवाहरूसँगको अन्तर्क्रियामा बोल्दै सक्कली मधेशवादी दल माओवादीमात्रै भएकाले अब मधेशी जनताको मुक्तिको सम्पूर्ण जिम्मा माओवादीले लिने अध्यक्ष प्रचण्डले आश्वस्त पारे ।

प्रचण्डले भने, 'मधेशी जनता मधेशवादको नारामा स्थापित नक्कली मधेशवादी दलको भुलभुलैयामा परेका छन् । उनीहरूबाट मधेशी जनताको मुक्ति नहुने प्रमाणित भइसकेको छ । अब वास्तविक मधेशवादी दल माओवादीसित जोडिनुपर्ने बेला आएको छ ।'

आफूलाई मधेशवादी भन्ने दलहरूको दिशा जनतातिर नभइ प्रतिक्रियावादी दिशाउन्मुख रहेकाले नक्कली मधेशवादी दलसँग सावधान रहन आग्रह गरे ।

मधेशको मुक्ति विना देशको मुक्ति सम्भव छैन भन्ने दृढ मान्यताका साथ पार्टीले सबैभन्दा पहिले मधेशी राष्ट्रिय मुक्ति मोर्चा गठन गरेर जनयुद्ध थालनी गरिएको स्मरण गराउँदै प्रचण्डले मधेशसँगै वर्गीय मुक्तिका लागि जीवन आहुति दिने एक हजार तीन सय मधेशका शहीदसहित मधेश मुक्तिका लागि ज्यान गुमाउने सबै शहीदका सपनाको जिम्मेवारी पनि अब माओवादीले लिने प्रतिवद्धता जनाए ।

### यादवद्धारा आन्दोलनको चेतावनी

## 'अध्यादेश ल्याउनु राष्ट्रिय हित नभइ राष्ट्रघाती कार्य हो'

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री केपी शर्मा ओलीले विगतमा ल्याएका विभिन्न अध्यादेशहरु राष्ट्रियसभाबाट परित गराउनका लागि विकल्पहरुको खोजीमा रहँदा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले भूमि सम्बन्धी अध्यादेश तत्काल फिर्ता नलिएमा जनआन्दोलन गर्ने चेतावनी दिएका छन् ।

भूमि सम्बन्धी अध्यादेश आएमा मधेश बर्बाद हुनेसंगै हिमाल र पहाड पनि समाप्त हुने देखिएकाले अध्यक्ष यादवले सो चेतावनी दिएका छन् । मधेशमा हुने मरुभूमिको असर हिमाली र पहाडी क्षेत्रमा समेत पर्ने बताउँदै यसले मधेशलाई मात्र नभइ हिमाल र पहाडलाई पनि असर गर्ने उनको भनाइ छ ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल निकट बौद्धिक पेसाकर्मी महासंघले शुक्रबार भूमि सम्बन्धी अध्यादेशबारे आयोजना गरेको बृहत् अन्तरक्रिया कार्यक्रममा पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले युनेस्कोले चुरे क्षेत्रलाई केही नगर्न तथा संरक्षण गर्न भनेको बताउँदै त्यसका लागि बजेट पनि दिइरहे पनि विभिन्न नाममा चुरे समाप्त गर्ने काम पनि भइरहेको दाबी गरे ।

'शुरुमा मधेश समाप्त हुन्छ, त्यसपछि पुरै देश नै समाप्त हुन्छ' अध्यक्ष यादवले भने, 'सन् १९५४ मा पनि युएनका विज्ञले चुरेलाई विनाश बचाउन भने पनि सरकारले विनाश बचाउन नसेकको भन्दै बरु पुनर्वास कम्पनी खडा गरी बसाइसराइ वृद्धि गरेर वन विनाशलाई निरन्तरता दियो ।' उनले अहिले सो क्षेत्रमा



चार फिटसम्म पानी पाउन छाडेको बताए । अहिले मधेशमा पनि थुप्रै ठाउँमा पानी पाउन छाडिएको भन्दै यसलाई जोगाउन आवश्यक रहेको उनले बताए ।

मधेश मरुभूमि भएमा त्यसले हिमाल, पहाड मात्र नभइ भारतको गंगा तटसम्म असर गर्ने देखिएको बताउँदै उनले देश जोगाउनका लागि चुरे संरक्षण गर्नुपर्ने स्पष्ट पारे । मरुभूमिका देशहरू हराभरा भइसकेका बेला हराभरा देश नेपाललाई मरुभूमिकरण गर्न लागेको अध्यक्ष यादवले बताए । उनले भने, 'अध्यादेश ल्याउनु राष्ट्रिय हित होइन, राष्ट्रघाती कार्य हो ।'

नेपालमा भूमिहीनको नाममा पाइएका अधिकांश जग्गामध्ये ७५ प्रतिशतमा कुनै न कुनै राजनीतिक दलका कार्यकर्ताको पहुँचमा रहेको अध्यक्ष यादवको तर्क रहेको छ ।

अहिले भूमि समस्या समाधान गर्न बनेका आयोग भूमि समस्या समाधान गर्न नभइ त्यसलाई अझ विवादमा ल्याउन बनेको आरोप उनले लगाए । मनमोहन अधिकारी प्रधानमन्त्री भएका बेला सुनसरीमा भूमिहीनलाई भन्दै जग्गा वितरण गरिएको स्मरण गर्दै उनले जग्गा पाउनेहरू करोडपति रहेका र अहिले पनि ती सुकुम्वासीको नाम देखापर्ने गरेको बताए । असली भूमिहीन मधेशीलाई कोशी किनारको जग्गा दिइएको र उनीहरूले दुःख पाइरहेको उनले बताए ।

सुकुम्वासीलाई जग्गा मात्र दिने नभई निःशुल्क शिक्षा र तालिम दिनुपर्नेमा उनले जोड दिए । ६० लाख जनसंख्या भएको देश डेनमार्क कृषिबाट नै धनी भएको उदाहरण दिँदै उनले सो देशले अरूलाई पनि सहयोग गरिरहेको बताए । उनले भने, 'इजरायलमा दुई प्रतिशतले कृषि गर्छन्, त्यो देश आत्मनिर्भर मात्र होइन, अरू देशलाई पनि पठाउँछ, नेपालमा पनि कृषिमा ध्यान दिनुपर्छ ।'

उनले सुकुम्वासीलाई कृषिमा लगाउनुपर्ने बताउँदै सुकुम्वासीको नाममा हुकुम्बासी भूमिमाफियाहरुले संसद् खरिद बिक्री गर्न लागेको बताए । अध्यक्ष यादवले अहिले छिमेकी देशले पनि नेपाललाई पत्याउन छाडेको बताए ।

संसद् खरिद बिक्री गरेर अध्यादेश पारित गराउने हो भने जसपा नेपाल सरकारको विरुद्धमा आन्दोलनमा जाने बताउँदै उनले अध्यादेश फिर्ता लिन सरकारसंग आग्रह गरे । जसपा नेपालका उपाध्यक्ष रकम चेम्जोङले सरकारले ल्याएको अध्यादेश नेपाली जनताको हितमा नरहेकाले त्यसलाई खारेज नै गर्नुपर्ने माग गरे ।

सो पार्टीका संसदीय दलका प्रमुख सचेतक रेखा यादवले पनि सरकारले भूमि सम्बन्धी अध्यादेश फिर्ता नलिए पार्टी संघर्षमा जानुको विकल्प नरहेको बताइन् । भूमि सम्बन्धी अध्यादेश कायम रहेमा मधेश मरुभूमिकरण हुने बताउँदै उनले त्यहाँका रैथाने समुदायलाई विस्थापित गर्ने सरकारको षड्यन्त्र रहेको बताइन् ।







# सल्टिँदै लहानमा खानेपानीको समस्या

सिरहा । लहान नगरपालिका-२४ मलन्हाकी सुशीला सदायलाई छ महिना अघिसम्म इनारको धमिलो पानी खानुपरेको तीतो अनुभव ताजै छ। हिउँदको समयमा थोरै रसाउने त्यही इनारको धमिलो पानी गाउँभरिका मानिसहरुले बाँडीचुँडी पिउनुपर्ने बाध्यता थियो । त्यसमाथि बालबच्चा बिरामी परिरहने समस्या उहाँले अझै विर्सन सक्नुभएको छैन। इनारकै पानी खाने, नुहाउने, लुगा धुनेलगायत काममा प्रयोग गर्नुपर्दथ्यो। करिब १७ घरपरिवारले प्रयोग गर्ने दलित बस्तीको सामूहिक इनार सडक छेउमै छ।

वैशाख–जेठको उखरमाउलो गर्मीमा रातभर जाग्राम बसि एक घैला पानी जोहोको लागि गरेको कष्टपूर्ण सङ्घर्ष सुशीलाका लागि कहालीलाग्दा विगत थिए। तर, गत वैशाखदेखि उहाँले नेपाल खानेपानी संस्थान लहान शाखाबाट धारा जडान गरेसँगै वर्षौंदेखिको खानेपानी समस्याबाट छुट्कारा पाउनुभएको छ।

"अब पानीको समस्या छैन। घरमा धारा जोडेदेखि जतिबेला मन लाग्यो त्यतिबेला सफा र स्वच्छ पानी प्रयोग गर्न पाएका छौँ। एकमुठ्ठी धमिलो पानी पिउनुपर्ने बाध्यताबाट मुक्ति मिलेको छ", सुशीलाले भन्नुभयो, "पहिलेजस्तो बालबच्चा बिरामी भएका छैनन्। पानी नै त रहेछ सबै कुराको मुख्य कारण । पहिले भोगियो, अहिले बल्ल बुझियो।" उहाँले धाराबाट खेर जाने पानीबाट करेसाबारीमा तरकारी तथा फलफूलखेती गर्ने बताउनुभयो। टोलका १७ दलित घरपरिवारले अहिले धारा जडान गरेको छन्।

त्यस्तै लहान नगरपालिका-४ सुन्दरपुरकी लिलमदेवी सदायसँग पनि सुशीलाको जस्तै पानी अभावले धेरै पीडा खेप्नुपरेको विगत थियो । तर अहिले उहाँले खानेपानीको धारा जोड्नुभएको छ। पानीको अभावमा भाँडा माझ्न नजिकै रहेको बलान नदी जानुपर्ने बाध्यताबाट उहाँलाई मुक्ति मिलेको छ । आफ्नै घरमा धारा जडान भएदेखि उहाँ खुसी हुनुभएको छ । "पहिलाको दुःख सम्झेर पानी खेर फालेको छैन। सधैँ यस्तै पानी आइरहोस्", उहाँले भन्नुभयो। लिलमदेवी र सुशीलादेवी जस्तै लहान नगरपालिकाका विषेशगरी गृहिणी खानेपानीको सुविधा भएपछि खुसी भएका छन्।

यसरी लहानका गाउँ र बस्तीमा सहजरुपमा खानेपानीको सेवा विस्तार हुनुमा नगरपालिका, खानेपानी संस्थान तथा गैरसरकारी संस्थाको महत्वपूर्ण भूमिका रहेको छ । चुरेसँग जोडिएको यस नगरक्षेत्रमा भूमिगत पानीको स्रोतहरु सुक्दै जान थालेपछि यहाँका स्थानीय पछिल्लो समय खानेपानी अभावको दिगो समाधानको खोजीमा थिए। ठीक त्यसैबेला गैरसरकारी संस्था 'वाटर एड' नेपालको सहयोग तथा लहान नगरपालिका, दलित जनकल्याण युवा क्लब लहान र नेपाल खानेपानी संस्थान लहान शाखाको संयुक्त साझेदारीमा सन् २०१८ देखि विकन परियोजना सञ्चालन भयो । केही वर्ष पहिलेसम्म सीमित व्यक्तिले फाट्टफुट्ट धारा जडान गरेको पाइन्थ्यो भने परियोजना सञ्चालनपछि धारा जोड्नेको सङ्ख्या उल्लेख्य रुपमा बढेको छ।



> "अब पानीको समस्या छैन । घरमा धारा जोडेदेखि जतिबेला मन लाग्यो त्यतिबेला सफा र स्वच्छ पानी प्रयोग गर्न पाएका छौँ । एकमुठ्ठी धमिलो पानी पिउनुपर्ने बाध्यताबाट मुक्ति मिलेको छ", सुशीलाले भन्नुभयो ।

स्थानीयमा जनचेतनाको अभावमा कुवाकै पानी खोने र त्यहीँ पानी वस्तुभाउलाई पनि खुवाउने प्रचलन व्याप्त रहेको बताउनुहुन्छ दलित जनकल्याण युवा क्लबका विकन परियोजना कार्यक्रम प्रबन्धक राजेशकुमार लोहनी । उहाँले भन्नुभयो, "त्यतिबेला मुख्य सहरी क्षेत्रमा मात्र धारा जोड्ने काम हुन्थ्यो। गाउँघरमा पैसा तिरेर धारा जोड्ने कल्पनासम्म पनि मानिस गर्दैन थिए। कुवा, इनार, चापाकलमै निर्भर थिए अधिकांश नागरिक ।" परियोजनापछि स्थानीय सङ्घ संस्था तथा सरोकारवाला निकायको सक्रियतामा धारा जडान गर्ने सेवाग्राहीको सङ्ख्या बढदै गएको उहाँको भनाइ छ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय लहानका खानेपानी वितरण शाखा प्रमुख लड्डु यादवका अनुसार हालसम्म नगरक्षेत्रमा पाँच हजार तीन सय १९ धारा जडान भएका छन्। यसमध्ये एक हजार दुई सय २९ दलित परिवारले धारा जडान गरेका छन्। नगरका विभिन्न वडामा गरी हालसम्म एक सय १५ किलोमिटर खानेपानीको पाइपलाइन विस्तार भएको छ ।प्रमुख यादवका अनुसार विसं २०५६ सालदेखि सञ्चालित यहाँको खानेपानी संस्थानमा छ वर्षअघि सुरु भएको विकन परियोजना सञ्चालन हुनुभन्दा अगाडि करिब दुई हजारको सङ्ख्यामा मात्रै खानेपानीको धारा जडान भएको थियो।

उहाँका अनुसार लालपुर्जा भएका व्यक्तिलाई धारा जडानका लागि रु छ हजार तीन सय ९० खर्च लाग्ने गरेको छ। जसमा रु तीन हजार धरौटी, रु तीन हजार दुई सय २० राजस्व, रु ४० खानेपानी कार्ड, निवेदन शुःल्क रु २० र पहिलो महिनाको न्यूनतम शुल्क रु एक सय २० लाग्ने गर्छ। लालपूर्जा नभएको सुकुम्बासीलाई धरौटी, राजस्व र कार्ड गरेर रु १० हजार एक सय १० लाग्ने गर्छ। न्यूनतम रु एक सय २० मा सेवाग्राहीले १० हजार लिटर पानी प्राप्त गर्ने गरेका छन्। त्यसपछि प्रतियुनिट रु २५ लाग्छ। एक युनिटमा एक हजार लिटर पानी हुन्छ।

**दलित समुदायलाई अनुदान**

लहान नगरपालिकामा करिब २० हजार सुकुम्बासी दलित समुदायको जनसङ्ख्या रहेको तथ्याङ्क छ। उनीहरुसँग घरजग्गाको लालपुर्जा छैन । त्यसैले उनीहरूलाई नगरको र संस्थाको संयुक्त अनुदान उपलब्ध गराइएको छ । धारा जडानका लागि नगरपालिकाले रु तीन हजार सात सय २० र परियोजनाले रु तीन हजार दुई सय ७०सहयोग गर्ने गरेको छ। त्यसकारण यहाँका दलित समुदायले धारा जडान शुल्क रु तीन हजार एक सय २० मात्र तिरे पुग्छ।

त्यसैगरि नगरपालिकाको वडा नं २, ७ र १४ का दलित समुदायमा धारा जडान गराउन त्यहाको वडा कार्यालयले सहयोग गरेको छ। वडा नं २ मा ६३ घर, वडा नं ७ मा २८ घर र वडा नं १४ मा ६३ दलित घरपरिवारले वडाको आर्थिक सहयोगमा निःशुल्क धारा जडान गरेका छन्। उनीहरूलाई परियोजनाले धारा सामग्री पनि सहयोग गरेका छ।

**खानेपानीको क्षेत्र विस्तार**

लहान नगरपालिकामा जम्मा २४ वटा वार्ड रहेका छन्। खानेपानी वितरण शाखा प्रमुख यादवका अनुसार विकन परियोजना सञ्चालन हुनुअघि करिब दुई दशकसम्म वडा नं १ देखि १० सम्ममात्रै खानेपानी संस्थानले काम गरिरहेको थियो। अहिले वडा नं १३, १४, १६ र २४ मा खानेपानीको पाइपलाइन तथा धारा जडान विस्तार भएका छन्। उहाँका अनुसार धाराको माग भए बमोजिम २४ वटै वडामा खानेपानीको सेवा विस्तार हुनेछ।

जसमध्ये वडा नं. २४ मा पछिल्लो सेवा विस्तार गरिएको हो।

वडा नं २४ किसान बाहुल्य रहेको वडा पनि हो। यहीँका किसानले उत्पादन गरेको तरकारीले नगरको करिब ७० प्रतिशत माग धानेको वडाअध्यक्ष राशलाल राय बताउनुहुन्छ।

चुरेसँग जोडिएको यस वडामा पानीको सङ्कट गहिरिँदै जाँदा सञ्चालित उक्त परियोजना निकै नै प्रभावकारी भएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "सायद विकन परियोजना नआएको भए यो सम्भव थिएन। अब वडामा कोही पनि नागरिक खानेपानीको अभावमा बस्नु परेको छैन।"

लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले खानेपानी संस्थानको सहकार्यमा सञ्चालित उक्त परियोजनाबाट यहाँका स्थानीयको समस्या समाधान भएको बताउनुभयो । परियोजनालाई खानेपानी मन्त्रालय र खानेपानी संस्थानले पनि सहयोग गरिरहेकाले यसै परियोजनामार्फत सन् २०३० सम्ममा लहानका सबै घरमा शुद्ध खानेपानी पुऱ्याउने लक्ष्यसहित काम भइरहेको नगरप्रमुख चौधरीले जानकारी दिनुभयो।रासस

# ८ करोड बढीको अवैध सामग्री बरामद चौतर्फी प्रगति

**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला प्रहरी कार्यालय पर्सा वीरगंजका प्रमुख एसपी गौतम मिश्राको ३० दिनको कार्यकालमा ८ करोडभन्दा बढीको भन्सार छलीको अवैध सामग्री बरामद गरिएको छ।



गत माघ १४ गते पर्सा प्रहरी प्रमुखको कार्यभार सम्हाले देखि फागुन १४ गतेसम्म जिल्ला प्रहरी कार्यालय तथा मातहतका युनिटहरुले ८ करोड १२ लाख, ८ हजार ५३ रुपैयाँ बराबरको भन्सार छलीको विभिन्न किसिमका अवैध सामग्री बरामद गरी सम्बन्धित कार्यालयमा बुझाएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी सुभाष भट्टले बताए।

सोही अवधिमा प्रहरीले अबैध २३ लाख रुपैयाँसहित ३ जना हुण्डी कारोबारी लाई पक्राउ गरी कारबाहीको दायरामा ल्याएको प्रवक्ता भट्टले जनाएका छन्।

एसपी गौतमको सक्रियता र विशेष सूचनाको आधारमा प्रहरीले सोही अवधिमा जिल्लाको विभिन्न ठाउँमा चोरीलुकी लगाएको १३ हजार ४०० बोट २८ कठा जगामा लगाईएको लागुऔषध गाँजा,५०० बोट १ कठा जग्गामा लगाइएको अफिम खेती नष्ट गर्नुका साथै ७६ किलो ८०० ग्राम गाँजा र २५ किलो चरेस बरामद गरिएको प्रहरीको तथ्यांकमा उल्लेख गरिएको छ।

दिएका छन् । जिल्लामा अवैध घरेलु मदिराको उत्पादन तथा बिक्री बितरणको गुनासो बढे संगै प्रहरीले बिशेष अभियान सञ्चालन गरी जिल्लाको बिभिन्न स्थानमा रहेको १४ वटा रक्सी भट्टीमा छापामारी ९ हजार ६५० लिटर कच्चा पदार्थ र ६४० लिटर तयारी मदिरा नष्ट गर्नुका साथै मदिरा उत्पादनमा प्रयोग गरिने बिभिन्न उपकरण भाँडा कुडा बरामद गरिएको तथ्यांकमा जनाइएको छ।

वीरगञ्ज स्थित होटलहरुमा यौनजन्य क्रियाकलाप बढेको सूचनाको आधारमा बसपार्क लगायत बिभिन्न स्थानमा रहेको ४ वटा होटलमा छापामारी ६ जना महिलाको उद्धार गरी ४ जना सञ्चालक लाई कारवाहीको दायरामा ल्याइएको जनाइएको छ।

> एसपी मिश्रले प्रहरी सम्पूर्ण नागरिकको साथमा छ ढुक भएर कुनै पनि बिकृति वा अपराध बारे समयमै सूचना दिन पर्साबासी लाई आग्रह गरेका छन् ।

त्यस्तै मात्र १ महिनाको अवधिमा फैसला कार्वान्यन तर्फ ३४४ जना फरार प्रतिवादीलाई पक्राउ गरिएको जसबाट ४८ लाख,४७ हजार ४२२ रुपैयाँ जरिवाना र १५ बर्ष १० महिना २२ दिन कैद भुक्तानी असुलको लागि जिल्ला अदालत पर्सामा उपस्थित गराइएको प्रवक्ता भट्टले जानकारी

त्यस्तै एसपी गौतम मिश्रको ३० दिने कार्यकालमा विभिन्न प्रकृतिका ६ वटा आपराधिक मुद्दा दायर गर्नुका साथै संलग्न १ महिला सहित ६ जना अभियुक्त लाई पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाइएको छ।

त्यसैगरी सोही अवधिमा जिल्लाको बिभिन्न स्थानमा प्रहरीको आयोजनामा ६२१ वटा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम भएको छ जसबाट कुल २२ हजार,१८३ नागरिक लाभान्वित भएको पर्सा प्रहरीको तथ्यांकमा उल्लेख गरिएको छ।

एसपी मिश्रले प्रहरी सम्पूर्ण नागरिकको साथमा छ ढुक भएर कुनै पनि बिकृति वा अपराध बारे समयमै सूचना दिन पर्साबासी लाई आग्रह गरेका छन्।

नागरिकको सहयोग बिना अपराध नियन्त्रण असम्भव रहेको तथा जुन सुकै सूचना दिने मानिसको नाम गोप्य राखिने उनले बिश्वास दिलाएका छन्।

आफूले सुन्य सहनसिलाता साथ काम गर्ने तथा कुनै आपराधिक घटनामा पुर्ण व्यवसायिक प्रहरी बनेर काम गर्ने एसपी मिश्रले प्रतिवद्धता जनाएका छन्।

जिल्ला प्रहरी कार्यालय पर्साको प्रमुखको रूपमा एसपी गौतम मिश्रको सक्रियता र कार्यकुशलताले मात्र १ महिनामै तस्कर, हुण्डी, लागूऔषध कारोवारीसंगै आपराधिकप्रवृत्तिका मानिसहरूमा खैलाबैला मचेको जिल्लाबासीको भनाइ छ।

# पर्वले सद्भाव र बन्धुत्वको भावना अभिवृद्धि गर्न सघाउ पुऱ्याउँछ : राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले ग्याल्पो ल्होसारजस्ता पर्वहरूबाट सबै नेपालीबीच एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता, सद्भाव र बन्धुत्वको भावना अभिवृद्धि हुने उल्लेख गर्नुभएको छ।

शेर्पा समुदायको पर्व ग्याल्पो ल्होसारका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्णमा सुख, शान्ति एवं समृद्धिको शुभकामना व्यक्त गर्दै उहाँले यस पर्वबाट बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ गर्न सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।नेपालको हिमालीलगायत विभिन्न क्षेत्रमा बसोबास गर्ने आदिवासी शेर्पालगायत महायान बौद्ध धर्मावलम्बी समुदायद्वारा फागुन शुक्लपक्ष प्रतिपदा तिथिका दिन नयाँ वर्षका रूपमा विविध कार्यक्रम आयोजना गरी ग्याल्पो ल्होसार मनाइन्छ।

पारिवारिक जमघट, आफन्त भेटघाट तथा गुथुक खाप्सेलगायत परिकार खाएर हर्षोल्लासका साथ मनाइने यस पर्वले शेर्पा जातिको पहिचान र विशेषतालाई झल्काउने उहाँले उल्लेख गर्नुभएको छ। संस्कृति, परम्परा र मान्यतालाई अनुशरण गर्दै मनाइने ग्याल्पो ल्होसारलगायत चाडपर्वहरूले पारिवारिक माया, सामाजिक सद्भाव एवं एकता कायम राख्न योगदान पुर्याउँदै आएका छन् ।रासस

# गौरमा "मेयर कप २०८१" क्रिकेट टुर्नामेन्ट शुरु

**टुडे समाचारदाता**

रौतहट । गौर नगरपालिकाको सहयोगमा तथा रौतहट जिल्ला क्रिकेट संघको आयोजनामा 'मेयर कप २०८१' क्रिकेट टुर्नामेन्ट गौर राइस मिल खेलमैदानमा सुरु भएको छ। गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले प्रतियोगिताको उद्घाटन गरेका छन्।

उद्घाटन समारोहमा रौतहट जिल्ला क्रिकेट संघका अध्यक्ष पवन साह, गौर नगरपालिकाका योजना शाखा प्रमुख जितेन्द्र भारती, शिक्षा संयोजक उत्तम भट्टराई, वडा नं। ५ का अध्यक्ष शिवशंकर यादव, वडा नम्बर ७ का वडाध्यक्ष हरिशंकर पाण्डे, मधेश प्रदेश उपाध्यक्ष पवन साह, मधेश प्रदेश सदस्य तथा रौतहट जिल्ला क्रिकेट संघका सचिव प्रमोद साह, वडा नं। १ का अध्यक्ष लालबाबु प्रसाद, अन्य स्थानीय जनप्रतिनिधि तथा खेलप्रेमीहरूको उपस्थिति रहेको थियो।

प्रतियोगिताको पहिलो खेलमा गौर नगरपालिका वार्ड नं। ६ टिमले टस जितेर फिल्डिङ रोजेको छ। आयोजक समितिका अनुसार यस प्रतियोगितामा विभिन्न टिमहरूको सहभागिता रहनेछ, जसले जिल्लाका युवा क्रिकेट खेलाडीहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर दिनेछ।

गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले उद्घाटन मन्तव्य राख्दै खेल क्षेत्रको विकासका लागि नगरपालिका सदैव सहयोगी रहने प्रतिबद्धता जनाए।




उनले खेलाडीहरूलाई आवश्यक खेल पूर्वाधार तथा सहयोग उपलब्ध गराउने योजना रहेको बताए।

रौतहट जिल्ला क्रिकेट संघका अध्यक्ष पवन साहले जिल्लामा क्रिकेटको विकासका लागि यस्ता प्रतियोगिताहरू महत्वपूर्ण हुने बताए। मधेश प्रदेश उपाध्यक्ष पवन साहले मधेश प्रदेशमा क्रिकेट संरचनालाई मजबुत बनाउनका लागि निरन्तर काम भइरहेको जानकारी गराए।

'मेयर कप २०८१' क्रिकेट टुर्नामेन्टको शुभारम्भसँगै गौरमा खेलप्रेमीहरूमा उत्साह छाएको छ। स्थानीय दर्शकहरू खेल हेर्न ठूलो संख्यामा उपस्थित भएका छन् । प्रतियोगिताका खेलहरू केही दिनसम्म चल्ने छन्, जसमा उत्कृष्ट खेलाडीहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरिने छ।

आयोजक समितिका अनुसार मेयर कप २०८१ गौर नगरपालिकाको वार्षिक खेलकुद विकास कार्यक्रमअन्तर्गत आयोजना गरिएको हो, जसको उद्देश्य युवा खेलाडीहरूलाई प्रोत्साहित गर्नु हो । प्रतियोगिता निरन्तर सञ्चालन हुने आयोजक समितिले जनाएको छ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | प्रशंसकहरु बढनेछन् र मानसम्मान समेत पाइनेछ। |
| वृष : | आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ। |
| मिथुन : | नयाँ व्यवसाय शुरु गर्ने मौका छ। |
| कर्कट : | प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। |
| सिंह : | रमाइलोयात्राकोअवसरजुट्नसक्छ। |
| कन्या : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। |
| तुला : | आफ्नो क्षेत्रमा प्रभुत्व जमानउने समय छ। |
| वृश्चिक : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। |
| धनु : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |
| मकर : | सामान्यकामबाटराम्रोलाभउठाउनसकिनेछ। |
| कुम्भ : | अध्ययन अध्यापनमा प्रगति हुनेछ। |
| मीन : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

जनकपुर टुडे



# जनकपुर भन्सारद्वारा २४ करोड ७३ लाख राजश्व सङ्कलन



धनुषाको जनकपुरधाम उपमहानगरपालिका-८ बलवाटोलमा निर्माण भएको मैथिली विकास कोषको नवनिर्मित मैथिली भवन । मधेस प्रदेशको करिब साढे सात करोड रुपैयाँको लगानीमा पाँच कट्ठा क्षेत्रफलमा बनेको यस भवनमा सांस्कृतिक सङ्ग्रहालय, पुस्तकालय, मिथिला लोकचित्रकला प्रशिक्षण केन्द्र, कला प्रदर्शनी कक्ष, श्रव्यदृश्य कार्यसम्पादन कक्ष, सेमिनार हललगायतका आधुनिक रुपमा सुविधा सम्पन्न रहेका छन् । तस्विरः रासस

जनकपुरधाम । जनकपुर भन्सार कार्यालयले चालू आर्थिक वर्ष २०८१/८२ को हालसम्ममा रु २४ करोड ७३ लाख ६९ हजार राजस्व सङ्कलन गरेको छ।

कार्यालयको रु ५७ करोड सात लाख १७ हजार राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य रहेको छ। चालू आवको वार्षिक राजस्व लक्ष्यको तुलनामा हालसम्ममा ४३ प्रतिशत मात्र राजस्व सङ्कलन भएको कार्यालयका भन्सार अधिकृत रविन्सलाल दासले जानकारी दिनुभयो । उहाँका अनुसार चालू आवको साउन महिनामा ७७ दशमलव ७८ प्रतिशत, भदौमा ५६, असोजमा ७७ दशमलव ४५, कात्तिकमा ६८ दशमलव ७१, मङ्सिरमा ७६ दशमलव ६०, पुसमा ८६ दशमलव ३१, माघमा ७९ दशमलव ६५ तथा फागुन १५ गतेसम्ममा २५ दशमलव ७९ प्रतिशत राजस्व सङ्कलन भएको छ।




उक्त भन्सारअन्तर्गत जटही नाकाबाट अर्धतयारी कपडा, हार्डवेयर सामग्री, टायल्स, ग्रेनाइट, कोइला, कृषिउपज, कृषिका लागि विषादी, खाद्यान्न, तरकारी एवं फलफूल, खेलकुद सामग्री, स्टेशनरी, विभिन्न उद्योगका कञ्चापदार्थ, घरायसीलगायत सामग्री आयात भएको भन्सार अधिकृत दासले बताउनुभयो ।

उक्त भन्सार कार्यालयअन्तर्गत इनरुवा, मैनाथपुर तथा भडडीया छोटी भन्सार कार्यालयसमेत रहका छन् । ती कार्यालयलाई रु पाँच हजारसम्मको भन्सार राजस्व लिने अधिकार रहेको छ। राजस्व सङ्कलन लक्ष्यको तुलनामा कमी हुनुका मुख्य कारण चोरी तस्करी नियन्त्रण नहुनु, आर्थिक मन्दीलगायत रहेको छ ।रासस

# ग्रामीण बस्ती सडक सञ्जालमा जोड्दै

गोलबजार। कुनैबेला साँघुरो सडक र सडकै छेउमा फुसको छाप्रो, त्यसभित्र ससाना पसल मात्रै देखिने सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिकास्थित ग्रामीण बजार हरुको स्वरुप यतिबेला फेरिएको छ । सडक डिभिजन कार्यालय लहान सिरहाले सिरहा-सप्तरी-उदयपुरको ग्रामीण बस्तीका सडक निर्माणमा तदारुकता देखाएपछि गाउँहरु विकासको मूलधारमा जोडिन थालेका छन् ।

बजारको स्वरुप फेरिएसँगै त्यस क्षेत्रका स्थानीयमा पहिलाको भन्दा बेग्लै खालको उत्साहसमेत देखिन थालिएको छ । "पहिला बजार क्षेत्रमा साँघुरो सडक र फुसको छाप्रो, त्यहीभित्र सानासाना व्यवयासी मात्र थियो", लक्ष्मीपुरपतारी गाउँपालिकाका श्याम यादव भन्नुहुन्छ, "तर अहिले सडक फराकिलोसँगै बजारमा ठूलठूला पक्की भवन र ठूला पसल खुल्न थालेका छन् ।" कुनैबेला दुर्गम मानिने सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकास्थित विद्यापति मार्गअन्तर्गत पर्ने छपरारी-पोखरभिण्डा-खुर्कियाही सडक छेउका बस्ती सुगम क्षेत्र बनेका छन् ।

लक्ष्मीपुर पतारी गाउँपालिकालाई केही वर्षअघिसम्म दुर्गम क्षेत्रका रुपमा मानिथ्यो तर अहिले ती क्षेत्रले आफ्नो पुरानो पहिचान फेरेको छ। यतिबेला लक्ष्मीपुर पतारी क्षेत्र मधेस प्रदेशकै पर्यटकीय क्षेत्रका रुपमा विकास हुन थालेको छ । यसको प्रमुख कारण हो पूर्व-पश्चिम राजमार्गसम्म जोडिएको विद्यापति मार्ग सडकको कालोपत्र । पूर्व-पश्चिम राजमार्गलाई जोड्ने उत्तर दक्षिण ग्रामीण ती सडक कालोपत्र भएसँगै लक्ष्मीपुर पतारी क्षेत्रका स्थानीयवासीको अनुहारमा यतिबेला मुस्कान छाएको छ।

पूर्व-पश्चिम राजमार्गस्थित छपरारीदेखि भारतीय सिमानाका बहहरीसम्मको उक्त सडक स्तरोन्नतिसँगै सडक डिभिजन कार्यालय लहान सिरहाले सडक कालोपत्र गरेपछि स्थानीयलाई आवतजावतमा सहज मात्रै होइन, हिलो र धुलोबाट मुक्त भएका छन्। "छपरारी बजारदेखि बडहरीसम्मको पुग्न पहिला मोटरसाइकलमा डेढ घण्टासम्म लाग्दथ्यो", पोखरभिण्डा गाउँका स्थानीय सन्तोष साह भन्नुहुन्छ, "तर सडक कालोपत्र भएपछि अहिले मुस्किलले १५ मिनेटमै पुगिन्छ।"

सडक डिभिजन कार्यालय लहानले सिरहा, सप्तरी र उदयपुर जिल्लाका जीर्ण सडकको स्तरोन्नतिसँगै कालोपत्रको कार्य तीव्र रुपमा अघि बढेसँगै दुर्गम मानिएका ग्रामीण क्षेत्र अहिले सुगम क्षेत्र बन्दै गएको छ । सडकहरु निर्माण भएपछि विकासले गति लिनुका साथै



हजारौं युवाले स्थानीयस्तरमै रोजगारीको अवसर प्राप्त गरेका छन् । "पहिला पहिला सडक जीर्ण हुदाँ सवारीसाधन त्यति नचल्दा गाउँमा उत्पादन भएको तरकारी सहज रुपमा लहान बजारसम्म पुऱ्याउन समस्या हुन्थ्यो", लक्ष्मीपुर पतारीका श्रवण महतो भन्नुहुन्छ, "तर अहिले थुप्रै सङ्ख्यामा अटो रिक्साहरु चल्न थालेपछि ती बालीहरु बजार पुऱ्याउन सकिरहेका छौँ ।" यसबाट किसानसमेत उत्साहित भएको उहाँको भनाइ छ।

वर्षौंदेखि जीर्ण रहेको सो सडक स्तरोन्नतिसँगै कालोपत्रको काम अन्तिम चरणमा पुगेको छ। रु १८ करोड ७४ लाख ९९ हजार नौको लागतमा २०७९ असार २३ मा ठेक्का सम्झौता गरी काम सुरु गरेको सिद्धबाबा अम्भुजा जेभी काठमाडौँले सडक स्तरोन्नति तथा कालोपत्रको काम गरिरहेको छ । विसं २०८२ असारसम्ममा उक्त सडकको काम सकिने समयावधि रहे पनि हालसम्म ९४ प्रतिशत काम सम्पन्न भइसकेको निर्माण कम्पनीका प्रतिनिधि सबइञ्जिनियर नरेशकुमार मण्डलको भनाइ छ। उहाँका अनुसार गाउँ क्षेत्रमा १२ मिटर चौडाइ र गाउँ बाहिर १० मिटर चौडाइ सडक स्तरोन्नति गरिहेको छ भने गाउँ क्षेत्रमा नालासमेत निर्माण गरिएको छ।

निर्माणाधीन विद्यापति मार्गको निर्माण कार्य अन्तिम चरणमा रहेको डिभिजन सडक कार्यालय लहानका प्रमुख डिभिजनल इञ्जिनियर आशुतोष कर्णले बताउनुभयो । प्राविधिक रुपमा केही भेरियसन गर्नुपर्ने भएकाले सडकको बाँकी कार्य छिट्टै अगाडि बढाइने उहाँको कथन छ। यस्तै सप्तरीको सुरुङ्गा नगरपालिका-७ कदमहा चोक हुँदै चकदह, प्रमाणपुर र वडा नं १० पटेर्वा चोकसम्म निर्माणाधीन सडकको काम पनि तीव्र रुपमा भइरहेको छ। कूल आठ किलोमिटर पाँच सय मिटर लामो सो सडकमा हालसम्म करिब पाँच किलोमिटर सडक कालोपत्र गर्ने चरणमा पुगेको डिभिजन सडक कार्यालय लहानले जनाएको छ।

गौरी पार्वती के एण्ड केजी जेभीले २०८१ मङ्सिर १७ गतेसम्म काम सक्नेगरी २०७९ मङ्सिर १८ मा ठेक्का सम्झौता गरेकामा रकम सुनिश्चित नगरिँदा केही ढिलाइ भए पनि अहिले काम तीव्र रुपमा भइरहेको निर्माण कम्पनीका प्रतिनिधि इञ्जिनियर भूपेन्द्र सिफैलया बताउनुहुन्छ । उहाँले थपिएको म्याद अघि नै काम सकिनेगरी निर्माणको काम अघि बढ्ेको बताउनुभयो।

बलान नदीको छेउबाट निर्माण भइरहेको सो सडकले आवागमनमा सहजता मात्र नभई बलान नदीले बर्सेनि गर्दै आएको कटान र डुबानको समस्यासमेत समाधान हुने स्थानीयको बुझाइ छ। "हाम्रा लागि यो बाटो अत्यन्तै महत्वपूर्ण र वरदान नै बनेको छ", बैरवनका स्थानीय जिवछ यादव भन्नुहुन्छ, "सडक निर्माण भएपछि गाडी गुडाउन पनि सहज हुन्छ र वर्षायाम बलान नदीले गर्ने कटान र डुबानबाटसमेत बचाउँछ, यो हाम्रा लागि ठूलो उपलब्धि हो", उहाँले भन्नुभयो । कूल रु २७ करोड आठ लाख १६ हजारको लागतमा निर्माण भइरहेको यस सडकको भौतिक प्रगति ३३ प्रतिशत रहेको निर्माण कम्पनीका प्रतिनिधि विश्व सुवेदीको भनाइ छ।

यस्तै उदयपुरको पुरानो सडकसँग सप्तरी लोकमार्ग दूरी छोट्याउन २०२५ सालमा ट्र्याक खोलिएको मोतीगढा-जोगीदह खण्ड निर्माणको कामले पनि तीव्रता पाएको छ। करिब १२ किलोमिटरको सो सडकलाई पनि कालोपत्र गर्ने गरी काम अघि बढेको डिभिजन सडक कार्यालय लहानका प्रमुख कर्ण बताउनुहुन्छ । कर्णका अनुसार नेपाल सरकारको निर्वाचन क्षेत्र रणनीतिक सडक योजनाअन्तर्गत सङ्घीय संसद्को एउटा निर्वाचन क्षेत्रमा कम्तीमा २५ र बढीमा ४० करोड रुपैयाँसम्मको लागतमा सडकहरु निर्माण भइरहेको छ।

ती योजनाअन्तर्गत उदयपुरको निर्वाचन क्षेत्र नम्बर १ मा पर्ने सदरमुकाम गाईघाट जोड्ने जिल्लाकै पुरानो सडक मोतीगढा-जोगीदह खण्डमा कालोपत्र गर्न लागिएको छ। दुई लेनको सडक कालोपत्र गर्नेगरी रु २८ करोड ४३ लाख ४६ हजारमा ठेक्का सम्झौता गरी धमाधम काम गरिरहेको छ। रासस

# संसारकै लामो धार्मिक पदयात्रा मिथिला 'माध्यमिकी परिक्रमा' हुँदै

जनकपुरधाम । मिथिलाञ्चलका बहुचर्चित सांस्कृतिक उत्सव तथा संसारकै लामो धार्मिक पदयात्राका रुपमा चिनिने मिथिला परिक्रमा सुरु भएको छ । फागुन कृष्णपक्षको औँसीमा कचुरी मठबाट भगवान् राम र जानकीको डोलासहित परिक्रमा सुरु भएको हो । मिथिलाको ऐतिहासिक, पौराणिक र धार्मिक आस्थाको धरोहरका रुपमा रहेको परिक्रमा १५ दिनसम्म चल्नेछ।

बिहीबार राति धनुषाको हनुमाननगरमा विश्राम गरेर परिक्रमामा सहभागी साधुसन्त तथा श्रद्धालुहरु आज बिहान पूजापाठ गरी भारत विहारको कल्याणेश्वर प्रस्थान गरेका छन् । फागुन औँसीका दिन धनुषाको ठेरा कचुरीबाट निस्कने मिथिला विहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमाननगर पुगेपछि माध्यमिकी परिक्रमाको विधिवत् रुपमा सुरुआत हुने परम्परा रहेको छ।

सनातन संस्कारमा महान घटनामध्ये रामायण हाम्रो देशमा पनि घटित भएको हो । रघुवंशीय रामले मिथिलाकी राजकुमारी सीतासँग लगनगाँठो कस्दाको इतिहास पवित्र मिथिला धामका गाउँ, चोक अनि चौतारीहरुमा अझै पनि भनिन्छ, कथिन्छ, गाइन्छ। जनक राजाको सिङ्गो राज्य अनि राजधानी मिथिलाको जनकपुर नेपालमै शोभायमान छ, जानकी मन्दिर नेपाली माटोबाट हरेक दिन मुस्कुराउँछ।

## मिथिला परिक्रमाको चर्चा

त्रेतायुगबाट आजसम्म पनि मिथिला परिक्रमाको चर्चा उत्तिकै महत्वका साथ पुस्तौंपुस्ता चलिआएको छ। यो परिक्रमाले रामायणका धेरैजसो पक्ष अनि तीसँग सम्बन्ध राख्ने स्थान र अवयवहरु छुने गर्दछ। मिथिला नगरमा वर्षमा कात्तिक, फागुन र वैशाखमा परिक्रमा हुने गर्दछ । यीमध्ये फागुनमा हुने परिक्रमाको महत्व असाध्यै छ। यस परिक्रममा एक सय ३३ किलोमिटरको पदयात्रामा नेपाल र भारतका विभिन्न स्थानका ठूलो संख्यामा साधुसन्त र गृहस्थ आश्रमका श्रद्धालुहरुको सहभागिता रहने गर्दछ। प्राचीन मिथिलाको राजधानी जनकपुरधामको अग्नीकुण्डबाट किशोरीजी अर्थात् माता जानकी र कचुरी मठबाट मिथिला विहारी भगवान रामचन्द्रको दुई प्रमुख डोलाको नेतृत्वमा मध्यमिथिला परिक्रमा विधिवत् रुपमा सुरु भएको छ।

फागुन औँसीका दिन धनुषाको ठेराकचुरीबाट निस्कने मिथिला विहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमाननगर पुगेपछि माध्यमिक परिक्रमाको विधिवत् रुपमा सुरुआत हुने परम्परा रहेको जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास वैष्णवले बताउनुभयो । महाशिवरात्रिलगत्तै सुरु भएको मिथिलाको सर्वाधिक लोकप्रिय १५ दिने माध्यमिक परिक्रमाका कारण मिथिलाञ्चलमा फागुन महिना उल्लास एवं भक्तिमय हुने भएको छ । धार्मिक झाँकी, भजन कीर्तनसहित परिक्रमाको डोला जनकपुरबाट सुरु भई सीमावर्ती भारतीय गाउँ कलानेश्वर महादेवसम्म पुग्नेछ।

परिक्रमामा सहभागीहरु क्रमशः फुलहरको गीर्जास्थान हुँदै महोत्रीको मटिहानी, जलेश्वर मडै ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, औरही, विशौल हुँदै पुनः कलानेश्वर र फागुन पूर्णिमाको जनकपुर फर्कने छ । मिथिला विहारीको नेतृत्वमा पारम्पारिक रुपले आयोजना हुँदै आएको यो परिक्रमामा हजारौं सहभागिता रहने यस धार्मिक यात्रालाई व्यावसायिक रुप दिन नसक्नु सरकारको कमजोरी रहेको जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास वैष्णवले बताउनुभयो।



## परिक्रमामा सहभागीहरुका लागि बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले १५ वटै विश्रामस्थलमा

बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाएको जानकारी परिषद्का अध्यक्ष शीतल साहले दिनुभयो । साहका अनुसार परिक्रमावासीहरु राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन् । स्थानीय बासिन्दाले पनि सहभागीहरुका लागि अन्न, दाउरा तथा परिक्रमामा सहभागी गोरुका लागि पराल समेत उपलब्ध गराउने गर्दछन् । सहभागीहरु दिनभरि यात्रा गर्छन् र भजनकीर्तन तथा सत्सँग गरेर रात बिताउँछन् ।

मिथिलाका जानकार तथा मैथिलीका साहित्यकार रोशन जनकपुरीका अनुसार नेपाल-भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सदभावका प्रतीक बनेको परिक्रमा यात्रा नेपालको धनुषा र महोत्तरीको १३ तथा भारतको दुई गरी १५ विश्रामस्थलमा पुग्नेछ। मिथिला महात्मयमा यी विश्रामस्थलका पौराणिक एवं धार्मिक महत्वबारे छुट्टाछुट्टै प्रकाश पारिएकाले यी स्थलप्रति भक्तजनमा अटुट आस्था रहेको पाइन्छ।

मिथिला महात्म्यअनुसार १८औं शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रुपमा मनाइँदै आएको छ । यात्राका सहयात्रीले नेपालका एक सय सात एवं भारतको २६ गरी एक सय ३३ किलोमिटर भूमिका पैदलयात्रा तय गर्नेछन् । परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभंगहा, सीतामढी, वैजनाथ धामका साधुहरु उल्लेख्य रुपमा सहभागिता हुने गर्दछ । परिक्रमामा सहभागी हुनाले मन, वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने तथा मोक्षप्राप्ति हुने धार्मिक मान्यता रहेको कुरा पण्डित इन्द्रकान्त झाले बताउनुभयो।

मिथिला महात्मयमा माध्यमिकी परिक्रमा गर्न नसक्नेहरुले छोटो दूरीको अन्तः गृह परिक्रमा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। अन्तःगृह परिक्रमाको सीमा क्षेत्र जनकपुर नगरपालिकाभित्र पर्दछ । प्राचीन मिथिलाको राजधानी जनकपुरको चारैकुनामा स्थापना भएका चार शिवालय कलानेश्वर जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ। मिथिला महात्म्यमा हरिहर क्षेत्रबाट प्रारम्भ भई गण्डकी नदीको किनार हुँदै हिमालय क्षेत्र, कोशी नदी भएर पुनःहरिहर क्षेत्रमा समापन हुने बृहत् परिक्रमाको चर्चा गरिएको परिक्रमामा डोलीका अगुवाइ गर्ने सुन्दर सदनका महन्थ नबल बाबाले जानकारी दिनुभयो।

भारतको पटनास्थित गङ्गा नदीको तटमा हरिहर क्षेत्र अवस्थित छ तर, यो परिक्रमा अचेल सधुसन्तको सीमित संख्याले मात्र गर्ने गरेको छ। बृहत् माध्यमिकी र अन्तःगृह परिक्रमा मङ्सिर, माघ, फागुन र वैशाख महिनामा गर्नसक्ने वैदिक मान्यता भए पनि ती परिक्रमा फागुन महिनामै हुने परम्परा रहेको जानकी मन्दिरका छोटे महन्थ दासले बताउनुभयो।

जानकी मन्दिरका महन्थ दासका अनुसार केही दशकयता माध्यमिकी परिक्रमाको क्षेत्र र अवधि विस्तारित भए पनि जनकपुरस्थित रत्नसागर स्थानका स्व.महन्त बाबा नारायण दासजीले करिब डेढ सय वर्षपूर्व समयदेखि दुई सयसम्म साधुसन्तलाई लिएर वनजङ्गलको बाटो भएर माध्यमिकी परिक्रमालाई मिथिला महात्मयको निर्देशअनुसार प्रारम्भ गर्नुभएको बताइन्छ। त्यसलाई करिब ५० वर्षपछि स्थानीय सीताकुण्डका महन्त परमहंस सियालाल शरणले पाँच सय साधुसहित वाजागाजा सहित परिक्रमा गरेका थिए । पाँच सयको सानो संख्यालाई बढाएर २० हजार पुऱ्याई परिक्रमाको महत्व बढाउने तथा वैष्णव सम्प्रदायको प्रवर्द्धनमा महन्त परमंहसको उल्लेखनीय योगदान रहेको जानकी मन्दिरका महन्थ दासले बताउनुभयो।

> माध्यमिकी परिक्रमामा करिब ६० वर्षअघिदेखि मिथिला महात्म्यको कथावाचन गर्ने मुख्य पण्डित रामदुलारी शरणजी महाराजले ७० वर्षसम्म उक्त भूमिका निर्वाह गरेर सो परिक्रमाको धार्मिकीकरण गर्नुभएको थियो । उहाँको निधनपछि मिथिला महात्मयको कथावाचन गर्ने काम उहाँका शिष्य सियाराघव शरणले गरिरहनुभएको छ ।

माध्यमिकी परिक्रमामा करिब ६० वर्षअघिदेखि मिथिला महात्म्यको कथावाचन गर्ने मुख्य पण्डित रामदुलारी शरणजी महाराजले ७० वर्षसम्म उक्त भूमिका निर्वाह गरेर सो परिक्रमाको धार्मिकीकरण गर्नुभएको थियो। उहाँको निधनपछि मिथिला महात्मयको कथावाचन गर्ने काम उहाँका शिष्य सियाराघव शरणले गरिरहनुभएको छ।

## यस्तो छ परिक्रमा पथ

पहिलो दिन फागुन औँसीका दिन जनकपुरबाट प्रारम्भ हुने परिक्रमाको पहिलो बिसौनी हनुमान नगर (कुवा) हो । जनकपुरधामबाट दुई किलोमिटर दक्षिणमा पर्ने यो ठाउँमा हनुमान, राम तथा जानकीका मूर्तिहरु भएको एक सय ६० वर्षअघि स्थापित मन्दिर छ। दोस्रो दिनको मेला लाग्ने कलाणेश्वर भारत उत्तर विहारको बासोपट्टी तथा उमाकुण्डको सानो बस्ती नजिकै छ । भव्य कुण्ड तथा विश्रामालयसमेत रहेको कलाणेश्वर (कलना) निकै आकर्षक एवं मनमोहक छ। भविष्यवेत्ताका रुपमा परिचित प्रसिद्ध सिद्धबाबा एक सय १० वर्ष बसेको ठाउँ पनि यही हो।

तेस्रो दिनको विश्रामस्थल गिरिजास्थान पनि भारतमै पर्छ । स्थानीयस्तरमा फूलहर नामले चिनिने यो ठाउँमा सीताजीले फूल टिपेर गिरिजा भगवतीको पूजा गरेको र त्यही क्रममा भगवान् रामसँग पहिलो देखादेख भएको जनविश्वास छ। गौरीशङ्कर, जानकी, गिरिजा भगवती र गणेशका मूर्तिहरु एवं कप्टहारिणी र शरसमीर पोखरीहरु भएको यो ठाउँबाट जमुनी नदी बगेको छ। चौथो दिन परिक्रमाका यात्रीहरु नेपालको मटिहानी आइपुग्छन्। महोत्तरीमा पर्ने मटिहानी पुरातात्विक महत्वका १२ वटा मन्दिर तथा आठ वटा पोखरी भएको घना बस्ती हो। नेपालमा संस्कृतको पढाइ हुने ठाउँका रुपमा परिचित मटिहानीमा एउटा पुरानो संस्कृत महाविद्यालय तथा मठहरु छन्।

यसैगरी पाँचौं दिन मिथिला परिक्रमाका यात्रीहरु यस दिन जलेश्वरनाथ महादेवको दर्शन गर्न महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर आइपुग्छन्। जलेश्वरनाथको मन्दिरको शिवलिङ्ग सधैंभरि जलमै डुबेको हुन्छ। छैटौं दिन यात्रीहरु जलेश्वरबाट मडई आइपुग्छन् । यहाँ मुनेश्वर महादेवको मन्दिर तथा दुई वटा आकर्षक पोखरी छन्। सातौं दिनको विश्रामस्थल ध्रुव कुण्ड हो। यहाँ ध्रुवजीको मन्दिर हुन्छ। आठौं दिन यात्रीहरुको गन्तव्य कञ्चनवन हरिणमरी तथा हरिशपुर नजिकै पर्छ। यहाँ सीतारामको मन्दिर छ।

त्यस्तै नवौं दिनको विश्रामस्थल रहेको पर्वतामा हनुमानजीको विहाल मन्दिर छ। पर्वता पुग्नुपूर्व भक्तजनले हरिहरपुरस्थित क्षीरेश्वरनाथ महादेवमा पूजाअर्चना गर्छन्। दसौं दिन यात्रीहरु धनुषाधाम आइपुग्छन् । सीताजीसँग स्वयम्बर हुनुअघि भगवान् रामले भाँचेको धनुषको एक टुक्रा यहाँ खसेको विश्वास गरिन्छ । यो ठाउँ धनुष दर्शनका लागि प्रख्यात छ। विवाह पञ्चमी तथा रामनवमीका बेला पनि ठूलो मेला लाग्ने धनुषाधामस्थित पोखरी, वाणगङ्गा नदी एवं उत्तरपट्टी करिब पाँच सय विघामा फैलिएको घना वन क्षेत्रको यो ठाउँलाई विशेष रमणीय बनाएको छ । यहाँ माघ महिनाको प्रत्येक आइतबार मकर मेला लाग्छ।

यसैगरी यात्रीहरुको एघारौं दिनको गन्तव्य सतोषर हो। राममन्दिर र पोखरी रहेको यो ठाउँमा असार-साउन महिनामा बोलबम तथा झूला पर्व पनि मनाइन्छ । यात्रीहरुको बाह्रौं दिनको गन्तव्य औरही हो । जनकपुर जयनगर रेल्वेको तेस्रो विसौनी वैदेही नजिकै रहेको औरहीमा भक्तजन कमला नदीमा स्नान गरी रामजानकी मन्दिरको दर्शन गर्छन्।

तेह्रौं दिन भारतको विशौल परिक्रमा गर्दछन् भने भोलिपल्ट यात्रीहरु करुणा भन्ने स्थानमा आइपुग्छन् । यो कलाणेश्वर नजिकै छ। अन्तिम पन्ध्रौं दिन परिक्रमाका यात्रीहरु जनकपुर आइपुग्छन्। फागुपूर्णिमाको सन्ध्यामा जनकपुरमा विश्राम गरी पूर्णिमाको बिहानै जनकपुरको पञ्चकोसी परिक्रमापछि श्रद्धालुहरु जानकी मन्दिरलगायत अन्य मठमन्दिरहरुमा दर्शन, पूजन गरी घर फर्कन्छन्। माध्यमिकी परिक्रमा क्षेत्रको अधिकांश भूभाग नेपालमा पर्ने गर्छ । परिक्रमामा सहभागी हजारौं यात्रु र सो अवसरमा डोला विश्राम गर्ने मेलामा सहभागी लाखौं श्रद्धालु भक्तजनको भीडलाई व्यवस्थित तथा नियन्त्रण गर्ने सरकारी र गैरसरकारी सामाजिक संस्थाहरु खटिएका हुन्छन् ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## 'पर्खाइ'

समयलाई पर्खेर नबस्नु।
समयले तोड्छ विश्वास।।
गर्नु छ नयाँ गर्नु।
पर्खेर नबस्नु।
इतिहास लाई सम्भिनु।
बनाएको बाटोमा सब हिड्छ।
नयाँ बाटोको खोजी गर्नु।
जब सम्म लक्ष्य पाउँदैन।
तब सम्म खोजी गर्नु।।
साथी भाई आउँदै जादै गर्छ
पर्खेर नबस्नु।।
सूर्यको प्रकाश भैं ।
लक्ष्यको गति राख्नु।।
कमिला भैं लक्ष्य राख्नु।
हार मानिन कहिले।।
दुःख आए पिडा आए।
पर्खेर नबस्नु ।
आफ्नो लक्ष्य जारी राख्नु।
पछि कहिले नहट्नु।।
समय लाई दियो निरन्तर्ता।
समयमै हुन्छ सफलता।।



लेखक: उदय प्रसाद
ठेगाना: गरुराहा (खडक नगरपालिका-३ सप्तरी)

## ।। बियाह ।।


सृष्टि के एन विनियम वंशावली के आगु बढावा के नियम बियाह
लड़का लड़की के मातापिता बियाहे छै विधि विधान स
सबक सहयोग आशीर्वाद स जोराई छै कुटमैति
गरिबहोके सेनुरदानी आ धनिकाहो के बियाह होइछै
केकरो सवा रुपैयाँ त केहुके सवा लाख आ सवा करोडो मे रिस्ता होइछै
कानुन सम्मत कोरट म्यारिज सेहो होइछै
देहजुवा आ आदर्श बियाह के सेहो महत्व छै
प्रेम बियाह मे कठिन छै बहुतो के जान जाइछै समाज निरमोहि आ निरदयि भजाइछै
सभहक परिस्थिति मे वंशावली बढाबके उदेश्य रहैछै
शिक्षा के रुपान्तरण से कामकाज बाँटल छै
लैंगिक विभेद आ कालागोरा के मेल बियाह करबैछै
समाजमे विभिन्न जात जाति वर्ग के विभाजन छै
अपन अपन जातीय बन्धन स बियाह करके चाहत रहेछै
शिक्षामे निपुण भेलास लड़का लडकी अपनो पसन्द स बियाहे छै
अन्जान घरमै आजीवन बेटी के कन्यादान कदै छै बियाहइ के
मातापिता के लाडप्यार पालनपोषण शिक्षा दिक्षा के याद राइखका जीवन निर्वाह करैछै कनिया
कतेक कठिन है महिला के जिवन
नव घरमे सौभाग्य स सभहक सँग पहिचान आ रिस्ता जुइड जाइछै
सास ससुर के रुपमे मातापिता भेटजाइछै ससुरामे
श्रीमान के सदाचारी के आस लवकनिया सासुरामे रखैछै
जिगर के टुकडा के माइबाप कन्यादान कदैछै सदा के लागी
बियाह मे जात बरात कुटुम्ब इष्टमित्र सबके स्वागत से होइछै
सृष्टि के विनियम वंशावली के बढाबके नियम
शादी के बन्धन बियाहके उत्सव मनाबै छै सबलोकैन



प्रमोद राम
जनकपुरधाम ९

## ।। जगल ।।

नैन नशीली, गाल गुलाबी,
ठोर लागैय सजनी सराबी,
आहाँक रूपक जोति, जेना लागै अछि हिरामोती,
ताहिना हमर जीनगी में,
आहाँ करै छी इजोर।
रसगर ठोर भरल जोवनक मधुशाला,
प्रीतिक रंग एहन चढ़ल,
तृप्त कदिय सजनी, पीयाक एक घूंट प्याला,
नाम आहाँक गीत बनि गेल!
चाल आहाँक पुरबा पवन सन,
लागै छी अहाँ प्रितिमा,
एउटा सुन्दर गुड़िया,
देखते-देखते हिया बहकय लागल।
चलैतछी गोरी मटैक मटैक,
पातर कमर हिलाक,
लचैक लचैक भटैक भटैक,
गोर गाल पैर कारी लट गिराक,
चन्द्रवदन यए मृगनयनी,
केश आहाँक छै कारी घटा सन।
जेना गगन में चमकैया चंद्र चकोर,
वो चमक अहाँक आँखि में बिखरे,
हिया में बसल इजोर,
अहाँक रूप देखिके, मन हरषित भेल।
रात में निहारूँ आहाँक हँसी के झरना,
मन मोर अपन बनाल अछि अहाँक।



सत्यम
जनकपुर-२३

## ।। मुर्खता ।।

कि हमहु करैछी निक काज
दिल मे आवै इहे अवाज ।
लागै नै किया ककरो लाज
कोना सुधरत गाउँ समाज ।।
कला संस्कृति छुपावैय
अश्लीलता क फैलावैय ।
केहन यी रोग लगावैय
सुन्दर जीवन गुमावैय ।।
पढै नफरतक पाठ किया
भट्कै प्रेमक बाट किया ।
उगावै सबकोइ काट किया
छोरै फुलक साथ किया ।।
अन्दर सँ सैतान बनल सब
बाहर सँ इन्सान बनल सब ।
स्वयं मे भगवान बनल सब
मूर्ख मानव नादान बनल सब ।।
ज्ञानक दीप बुझावैय
अज्ञानक सीप सिखावैय ।
मृत्यु क समीप आवैय
अपनो क स्वयं मिटावैय ।।
प्रेम नम्रता प्रीत किया नै
सुर गीत संगीत किया नै ।
निःस्वार्थी मीत किया नै
अटुट बन्धनक रीत किया नै ।



लेखक :- लक्ष्मण मानव
ठेगाना :- लक्ष्मीनियाँ गा. पा.- १ , सिनुरजोडा
धनुषा (नेपाल)

## ।। विश्वास ।।

आस सबै सङ्ग गर्नु ।
तर कसैको नबन्नु खास ।।
गुरु शिष्य बिचामा पनि छैन ।
अब पहिला जस्तो विश्वास ।।
सानाटिना लेनदेनमा ।
अहिले चाहिन्छ नै लिखित ।।
कागजको प्रमाणित कागजात ।
यस सुन्दर संसारबाट हराउदैछन ।
एक अर्कोमाथि अमुल्य विश्वास ।।
जिवनको साना दुःखमा यहाँ ।
सबै हुन अन्जान ।
संयोगले एउटा भेटाएपछि ।
समयमै गर्नु सब भन्दा पहिला ।
उहाँको सम्मान ।।
पहिला जस्तो छैन ।
अब एक अर्कोमाथि विश्वास ।।
धनी गरिब सब बहयात कुरा हुन ।
यहाँ धानी हुनुपर्छ मनको ।।
धन सबै सङ्ग नएपनि ।
कदर गरौं अमुल्य क्षम को ।।
जिउदो जीवन मात्र छन ।
यो सुन्दर संसार ।।
फेरि फर्कने छैन ।
यस्तो सुन्दर जुनीको उपहार ।।
त्यसैले बचाई राखौं ।
पहिला जस्तै एक अर्कामाथिको सदाचार ।।
जीवन गुणस्तर बन्छ ।
सानो सहयोग र दायाले ।।
सबै जना आउ बसौ प्रेमको छायाले ।
नयाँ समाज निर्माण गरौं ।
विश्वासको दुई पायाले ।।
स्वर्ग भन्दा प्यारो बन्छ ।
माया प्रेम सदभावले निर्मित समाज ।।
आगाडी बढाऔ दुपाया अमुल्य छन ।
हाम्रो एक अर्कामाथिको सम्मान ।।



लेखक: अनित कुमार मण्डल
(जनकपुर ,लोहना -१५)

## ।। बर्बाद ।।

बर्बाद भयो यो देश, फेरि एकपटक,
जनताको सपनालाइ बनाइयो ठट्टा र ख्यालठट्टा।
न्यायको नाममा अन्यायको राज,
गरीबको पसिनामाथि चलाइयो राज।
बर्बाद भयो किसानका खेत,
खडेरीले भन्दा बढी त शासनले च्यात्यो।
बर्बाद भयो मजदुरको हात,
पसिनाले भन्दा बढी त शोषणले निचोर्‍यो।
विद्यालय खुले तर शिक्षा बन्धक,
अस्पताल ठडिए तर उपचार महँगो।
श्रमिकका घर भत्किए, पुलहरू बने,
गरीबको आवाज थुनिए, नेताका भाषण गुन्जिए।
तर अब बर्बाद हुन दिने छैनौं!
अब चुप लाग्ने दिन सकियो,
अब सहने दिन सकियो!
अब बर्बाद हुने दिन सकियो,
अब विद्रोहको ज्वाला बल्नेछ!
मजदुरका मुठ्ठी उठ्नेछन्,
किसानका हँसियाँ चम्किनेछन्।
विद्यार्थीका ओठहरू विद्रोह बोल्नेछन्,
दलितका पाइला सिंहासन हल्लाउनेछन्!
अब सडकमा न्यायको आवाज गुञ्जनेछ,
अब क्रान्तिको आगो बल्नेछ।
अब हाम्रा दुःखका दिन सकिनेछन्,
अब जनता आफैं शासन गर्नेछन्!
शासक, तेरो दिन सकियो!
हाम्रो पसिनाले तेरो महल बनेको छ,
हाम्रो श्रमले तेरो कुर्सी उचालिएको छ।
अब त्यो सिंहासन उल्टाइनेछ,
अब तोर अन्याय चकनाचूर गरिनेछ!
यो आगो निभ्दैन, यो लडाइँ रोकिन्न,
अब यो बर्बादी अन्त्य हुन्छ,
अब जनता नै शासक बन्छ!



राम पुकार महतो (बिद्रोही)
बर्दिबास,महोत्तरी

## ।। पिडादायी रहर ।।

कमिलाको ताँती भैं
ATM को अगाडि
लागेका कामदारका कतारमा
घरका कैयौं सपनाहरु पूरा हुने,
आशाका दीपहरु जगमगाउने,
मनका कोमल फूलहरु फुल्ने,
हजारौं अनुहारहरु मुसुक्क मुस्काउने
र सैयौं विश्वासका गाँठहरु गठित रहने तरखरमा
कतिबेला पैसा Bank मा आउला र हामी भिक्कौला
भन्ने आशाका साथ आफ्नो बाटो नियालिरहेका होलान्!
तर यहाँ-२
कैयौंको आफ्नै विश्वास टुट्ने,
सपनाहरु भताभुङ्ग हुने र मनका कैयौं रहरहरु
प्रहर प्रहरमै विलुप्त हुने, विशाल समुन्द्रको तटमा
उभिएका छन्।
जसलाई-२
एउटा आँधीतुफान सहितको छालले
कतिबेला उडाइदेला भन्ने ठेगान नभएको
कस्तो अचम्मको रहर छ? हामी परदेशीको!



चन्द्रदीप यादव
कमला न.पा.-८, सोनापाडा
हाल:- यूएई (दुबई)

## ।। छी प्रदेश मे मन छै अपने देशमे ।।

रहै छि प्रदेश मे हरदम मन बौआइ छै
अपना गाम घरक याद सतबै छै
रहै छी बढ़का बिल्डिंग मे लेकिन
अपना झोपडी के याद सतबैय
खाई छी मटन चिकन बरगर पिजा
लेकिन अपना दाइल भात तरुवा
साग सब्जी सन स्वाद कहाँ भेटै छै
चढ़ै छी लाखों करोड़क गाड़ी पर
लेकिन अपना साइकिल सन
मजा कहाँ लगै छै
विदेश मे छी पाई कौरी कमाई छी
लेकिन सुख चयन कहाँ मिलै छै
माय बाबू के प्यार दुलार बौवा बुच्ची
आ कनियाँके याद हरदम सतबै छै
देश सन प्रदेश मे लगैय छै हरदम
हर क्षण अपना गाम घरक याद ओतबे
सतबैय जेना मछली पानी बिना
छटपटाई छै जेना प्रेमी प्रेमीका बिना
औनाई छै



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।।भूकम्पको पीडा, हाम्रो संकल्प।।

एक्कासि धर्ती हल्लियो,
हृदयभित्र कम्पन चलियो।
पर्खाल भत्किए, छाना ढल्यो,
निदाएको सहर निदाउन छोड्यो।
बच्चा रुन्छन्, आमा कराउँछिन्,
बाबुहरू सन्तान सम्हाल्छन्।
भग्नावशेषमा आशा खोज्दै,
मनभित्र त्रास सँगाल्छन्।
कोही कराउँछन्, कोही भाग्छन्,
कोही मलिन अनुहारमा ताक्छन्।
कोही आफन्त खोज्दै रुन्छन्,
कोही चितामा बत्ति बाल्छन्।
तर अन्धकार सधैं रहँदैन,
घाम फेरि उदाउने नै छ।
आँसु पुछेर उठ्ने नै छौं,
घर पुनः बनाउने नै छौं।
सहयोगका हातहरू बढ्छन्,
बिग्रेका सपना फेरि जुर्छन्।
भूकम्पले हामीलाई थला पार्ला,
तर हामीलाई कहिल्यै नमार्ला!



कविता लेखक:- नविन श्रेष्ठ
हाल अध्ययन शिक्षण:- बि.एड स्नातक चौथो बर्ष
ठेगाना:- सीतापुर खोरिया, भुचक्रपुर - बटेश्वर-३
अध्ययनरत हाल कलेज:- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास-३, महोत्तरी

## 'मेरो आत्मा न्याय खोज्दै छ : रिन्कु सदा'

म रिन्कु, एउटा तल्लो जातकी छोरी, आज आत्मा बनेर बोल्दैछु,
न्यायको लागि गुहार माग्दै, तिम्रो ढोका ढकढक्याउँदैछु।
सपना बोकेर गएँ, भारतको भूमिमा,
प्रेमको जालमा फसेँ, विश्वासघातको भुमरीमा।
मेरो निजी भिडियो, तिम्रो समाजमा भाइरल भयो,
अपमानको आगोले, मेरो जीवनलाई खरानी बनायो।
तिम्रो सरकार, तिम्रो कानमा मेरो चीत्कार पुगेन?
मेरो परिवारको आँसु, तिम्रो मनलाई छोएन?
तिम्रो न्यायको ढोका, मेरो लागि बन्द किन भयो?
मेरो दोषी, तिम्रो नजरमा अझैं स्वच्छ किन रह्यो?
म आत्मा बनेर, तिम्रो सामु उभिएकी छु,
मेरो न्यायको लागि, तिमीलाई प्रश्न सोध्दैछु।
के तिम्रो देशमा,
तल्लो जातका छोरीहरूको जीवनको मूल्य छैन?
के तिम्रो कानमा, पीडितको आवाज पुग्दैन?
मलाई न्याय देऊ, मेरो आत्मालाई शान्ति देऊ,
तिम्रो मौनता तोड, मेरो चीत्कारको जवाफ देऊ।
के न्याय पनि जातको हिसाबले पाइन्छ र?
मलाई जवाफ देऊ सरकार।



नाम :- रामनारायण साह सोनार (Ram Sir)
ठेगाना :- छिपहरमाई गा. पा.-०४, पर्सा
पेशा :- शिक्षक (नेपाल सरकार)

## ।। भ्रष्टाचार हटाबै के गीत ।।

नेपाल भूमि पवित्र अछि,
किन्तु भ्रष्टाचार जहरीला विष।
नेता, अफसर, सब लुटै छै,
गरीबक हक दबा दैत छै।
घूस बिना काज नचले,
न्यायो पैसासँ बिकलै।
शिक्षा, रोजगारी, बिकास रुकल,
भ्रष्टाचार सँ देश झुकल।
उठू, जागू, आबै समय,
इमानदारी बनाउ नय दुनियाँ।
सत्य, मेहनत, पवित्र बाट,
नेपाल राखब स्वच्छ, नय काजा।
युवा, किसान, शिक्षक जागू,
भ्रष्टाचार कें दूर भगाऊ।
सपथ लिअ, इमान रखू,
स्वच्छ नेपाल बनाबै चलू!



नाम: आशिक कुमार मण्डल
ठेगाना: मिथिला बिहारी नगरपालिका-०१
कक्षा: ११ (मोडेल मल्टिपल कलेज)

## ।।आमा।।

साथमा आमा न हुदा त घाम पनि कालो लाग्छ।
आमा साधारण मान्छे को रुप मा भगवान लाग्छ

आमा बिना संसार को सबै खुसी अधुरो लाग्छ।
मात्र आमा हुदा कोहि न हुदा पनि जिन्दगी पुरो लाग्छ

म भन्छु आमा भगवान भन्दा ठुलो त होइन।
तर आमा भगवान भन्दा सानो पनि होइन।



लेखक स्मिता झा

## ।। अभाव र एक्लोपन ।।

न आँसु नै बाँकी न हासो नै बाँकी,
अभावै अभावले पोलेर गयो बाकी ।।

चाहनाहरू निभैं जसरी दियो निभ्यो,
एक्लोपनले फेरि अँगाल्यो साक्षी ।।

छायाँहरू मात्रै छन् साथी बनिदिन,
बोल्ने कोही छैन, मौनता छ बाकी ।।

सपनाहरू थिए हिजो रंगिन सबै,
आज भने अधुरो कथाजस्तै बाकी ।।

समयले खोस्यो मलाई मेरो नै,
अब त म मभित्र हराएँ भैं बाकी
।। कल्पनासृष्टि ।।

नक्षत्र पवन बादल दर्पण गुल्जार ।
सकल प्रतिविम्बित वसुधा मुखार ।।

अग्नि जल वन पर्वत रत्न प्रकार ।
सुर्यकिरण प्रकाशित सोह्रश्रृङ्गार ।।

जल थल उभय नभ चर आधार ।
अनुपम सौन्दर्यमय प्रकृति विहार ।।

सु-परिवर्तक निरन्तर ऋतु पधार ।
कोटिकोटि हार्दिक नमन सत्कार ।।

"वसुधैव कुटुम्बकम्" निति विचार ।
जीवन अमूल्य सार गुण विस्तार ।।

"अतिथि देवो भवः" भावार्थ सञ्चार ।
प्रेमपुर्ण सुखशान्ति वैभव भण्डार ।।

मानव जात मानवता धर्म आचार ।
सदा हर्षित सभ्य कर्मठ परिवार ।।

मेरो कल्पनासृष्टि साकार साकार ।
यहाँ प्रपञ्चदृष्टि अंधकार अंधकार ।।



लेखक: राम मण्डल
ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१, सिनुरजोडा
धनुषा, नेपाल ।

## नेपाल र जापानबीच आयात-निर्यातको सम्बन्ध विकसित हुन थालेको छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले तेस्रो नेपाल-जापान फ्रेन्डसिप समिट-२०२५ का माध्यमबाट दुई देशबीचको सम्बन्ध अझ विस्तार गर्न टेवा पुग्ने बताउनुभएको छ।

सो समिटमा सहभागी हुन नेपाल आएका जापानी टोली र नेपाली समन्वयकर्ताहरुसँग शुक्रबार प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री ओलीले नेपाल र जापानबीच सरकार-सरकार र जनता-जनताबीचको लामो सम्बन्ध अब आयात-निर्यातमा पनि विकसित हुन थालेको बताउनुभयो।

"नेपालीहरु राम्रो रोजगारीका लागि जापान पनि गएका छन् । नेपालको फापर जापान पुगेको छ । जापानबाट गोल्डेन ट्राउड नेपाल भित्रिएको छ । जनस्तरका यस्ता असल सम्बन्धका अनेक आयामहरु छन्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीबीच अब्बल मित्रता छ। खाली मित्रताबाहेक अरु केही छैन । हाम्रो सम्बन्ध साकुराजस्तै लटरम्म भएर फुलेको छ। समस्यारहित यो सम्बन्ध तथा विकासको साझेदारीलाई सूचना प्रविधिको सहयोगमा उचाइका साथ अगाडि बढाउनुपरेको छ।"

प्रधानमन्त्री ओलीले युद्धले विनाश र शान्तिले विकास दिन्छ भन्ने उदाहरण जापानले प्रस्तुत गरेको उल्लेख गर्दै विश्वमा शान्ति छाओस् भन्ने आफूहरुको प्रबल इच्छा र सक्रिय प्रयास रहेको बताउनुभयो ।एक दशकभन्दा बढी समयदेखि उद्यमशीलता प्रवर्द्धन र व्यावसायिक मार्गदर्शनमा सक्रिय रहेको आइडिया स्टुडियो नेपालअन्तर्गतको समूहद्वारा सञ्चालित लिडएक्स नेपाल र फोर्थ लिभायेको आयोजनामा यही फागुन १४ देखि १६ गतेसम्म नेपालमा समिट आयोजना गरिएको हो ।रासस

## ग्याल्पो ल्होसार पर्वले सद्भाव बढाउछ : अध्यक्ष दाहाल

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले ग्याल्पो ल्होसार पर्वले विविध जातजाति र समुदायका बीचमा सामाजिक, सांस्कृतिक सद्भाव एवं सम्बन्ध मजबुत बनाउन भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभएको छ।

हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा समुदायको विशेष पर्व ग्याल्पो ल्होसारका अवसरमा आज शुभकामना व्यक्त गर्दै नेपालको हिमाली भेगमा आदिमकालदेखि बसोबास गर्दै आएका शेर्पा समुदायको मौलिक भाषा, लिपि, संस्कृति, रीतिरिवाज, वेशभूषासहितको विशिष्ट पहिचान रहेको उल्लेख गर्नुभएको छ।

शेर्पा समुदायले नयाँ वर्षका रूपमा मनाउने ग्याल्पो ल्होसार प्राचीन उत्पादन पद्धतिमा आधारित मौलिक एवं ऐतिहासिक पर्व हो। यस पर्वमा मौलिक परिकार खाने, परम्परागत संस्कृतिमा आधारित पूजाआजा गर्ने, घरघरमा बौद्ध धर्मावलम्बीको ध्वजा फहराउने र आपसमा शुभकामना आदानप्रदान गर्ने परम्परा रहिआएको छ।

नेपाली जनताको महान् त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले विविधतामा आधारित राष्ट्रिय एकता र पहिचानलाई संस्थागत गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषता एवं भौगोलिक विविधतासहितको एकत्वलाई स्वीकार गरेको अध्यक्ष दाहालले उल्लेख गर्नुभएको छ। रासस

# सांसदले जनताको विश्वास जित्न काम गरेर देखाउनुपर्छः अञ्जान शाक्य

**उपसमितिले यही २०८१ फागुन २ गते "नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने सम्बन्धमा अध्ययन प्रतिवेदन-२०८१" लाई पारित गरी मूल समितिमा बुझाएको छ ।**



काठमाण्डु । संसदीय अभ्यास मेरा लागि नौलो थियो। म दुई वर्ष सात महिना जति इजरायलको राजदूतसमेत भएको थिएँ। राजदूत हुँदा उत्तरदायित्व आफूले नै बहन गर्नुपर्ने हुन्छ। आफूले तय गरेका योजना कार्यान्वयन गर्न सहज हुन्छ। तर संसदीय अभ्यासमा आफैँले कार्यान्वयन गर्न सकिँदैन। निर्देशन मात्र दिन सकिने रहेछ। सांसदले धेरै विषयमा आवाज उठाएका हुन्छौँ। कार्यपालिकाले मात्रै त्यसको कार्यान्वयन गर्न सक्छ। कतिपय विषय कार्यान्वयन हुन्छन्, कतिपय हुँदैनन्।

संसदीय अभ्यासमा मैले देखेको मुख्य चुनौती भनेको सांसदले उठाएका विषयको कार्यान्वयन नै हो। आवाज उठायो, तर कार्यान्वयन नहुने समस्या रहेछ। तर राम्रो पक्ष के लाग्यो भने राष्ट्रियसभा र यस मातहतका समितिहरु भने निकै सक्रिय हुने गरेको पाएँ। सभा वा समितिका बैठकहरु कोरम नपुगेर स्थगित भएका छैनन्।

राष्ट्रियसभाअन्तर्गतका समितिले निकै मेहनतका साथ काम गरेको पाएकी छु। कुनै विषय वा विधेयकमा संशोधन दर्ता गरेका सदस्यहरु पनि त्यहाँ उपस्थित भएर आफ्नो धारणा राख्नुभएको हुन्छ। घनिभूत छलफल गर्नुहुन्छ। राष्ट्रियसभाका समितिमा विचाराधीन विधेयकहरु माथिको छलफल राम्रो रहेको पाइयो। विधेयकमा सबै कुरा समावेश गर्न त सकिँदैन। सकेसम्म त्यहाँ उठेका आवाजलाई समेट्ने प्रयास राम्रो देखियो। यसमा सबै सदस्यहरु सजग रहेको पाइयो।

म राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिमा छु। त्यहाँ पनि सबै सदस्यहरु उपस्थित हुनुहुन्छ। अहिले म उक्त समितिअन्तर्गत रहेको दिगो विकास उपसमितिको संयोजक छु। उपसमितिले यही २०८१ फागुन २ गते 'नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने सम्बन्धमा अध्ययन प्रतिवेदन-२०८१' लाई पारित गरी मूल समितिमा बुझाएको छ। यो प्रतिवेदन लामो छलफल र अध्ययनबाट तयार पारिएको छ।

यो प्रतिवेदन तयार पार्न राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नेपाल चेम्बर अफ कमर्श, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, संयुक्त ट्रेड युनियन महासङ्घ, निजी क्षेत्रलगायत सरोकारवाला निकायसँग छ वटा बैठक गरेका थियौँ।

नेपालले सन् २०१० देखि नै आवधिक योजना, बजेट तथा कार्यक्रमहरुमार्फत स्तरोन्नतिका प्रयासहरु गर्दै आएको भए पनि अहिलेसम्म अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुन सकेको छैन। प्रतिव्यक्ति कूल राष्ट्रिय आय, मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्कका शर्तहरु पूरा गरेपछि स्तरोन्नति हुने विश्वव्यापी मान्यता छ। यी शर्तमध्ये संयुक्त राष्ट्रसङ्घले सन् २०१५, २०१८ र २०२१ मा गरेको मूल्याङ्कनमा नेपालको मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क पूरा गरेको भए पनि अहिलेसम्म विभिन्न कारणले स्तरोन्नति हुन सकेको छैन।

तीन शर्तमध्ये कुनै दुईवटा मापदण्ड मात्र पूरा भए पनि स्तरोन्नतिका लागि योग्यता पुग्ने भएकाले प्रतिव्यक्ति कूल राष्ट्रिय आयको मापदण्ड पूरा नभए पनि दुईवटा सूचक पूरा गरी नेपाल सन् २०२६ नोभेम्बर २४ मा अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्र हुने लक्ष्य प्राप्तिको दिशातर्फ अगाडि बढिरहेको छ। संयुक्त राष्ट्रसङ्घबाट हरेक तीन वर्षमा हुने मूल्याङ्कनमा लगातार दुईपटक स्तरोन्नतिका लागि योग्य भएपछि मुलुक स्तरोन्नति हुनसक्छ। सन् २०१५ र २०१८ मा नेपालले दुईवटा सूचकको मापदण्ड पूरा गरेकोले स्तरोन्नतिका लागि योग्यता पुगेको थियो।

तत्कालीन अवस्थामा भूकम्पपछिको पुनःनिर्माणबाट तङ्ग्रिँदै गरेको आर्थिक अवस्था र संविधान जारी हुने समय भएका कारण त्यसबाट नेपाल पछि हटेको थियो। सन् २०१८ मा स्तरोन्नति हुने निर्णय लिँदा तयारीका लागि तीन वर्षको समयसीमा भए पनि उक्त समय छोटो भएकाले सन् २०२१ मा स्तरोन्नति गर्ने निर्णय भएको थियो। त्यतिबेला पनि कोभिड-१९ को प्रभावले गर्दा नेपाल, बङ्गलादेश र लाओसले पाँच वर्षको सङ्क्रमण समय पाएका छन्। यो अवस्थामा अब नेपालले सन् २०२६ मा स्तरोन्नति हुनैपर्ने अवस्था छ।

स्तरोन्नतिपछि दिगोपना कायम गर्न जिम्मेवार सरकारी संयन्त्र एवं निजी क्षेत्रबीच पारस्परिक समन्वय, बुझाई र अपनत्व, स्रोतको उपलब्धता, कानुनी एवं नीतिगत स्पष्टता र तयारीको अवस्था के-छ भन्ने विषयमा संसदीय अध्ययन तथा मूल्यांकन आवश्यक भएकोले यो प्रतिवेदनमा यी कुरालाई पनि ख्याल गरेका छौँ। नेपालको प्रतिव्यक्ति आय वृद्धि गर्न बृहत् आर्थिक स्थिरता र वित्तीय दिगोपना कायम गर्नुपर्ने, अन्तर्राष्ट्रिय व्यापारको पूर्वाधार प्रवर्द्धन गर्दै उत्पादनशील क्षेत्रमा आर्थिक वृद्धि गर्नुपर्ने, आर्थिक रूपान्तरणको प्रवर्द्धन गर्दै आर्थिक लाभको दिगोपनाबाट आर्थिक अभिवृद्धि गर्नुपर्ने, उत्पादनशील मानव पुँजीको वृद्धि र दिगोपनाको लागि सामाजिक क्षेत्रको सवलीकरण गर्नुपर्ने, भविष्यमा पर्नसक्ने आर्थिक तथा वित्तीय जोखिम व्यवस्थापनमा दिगोपना मापन गर्दै आर्थिक तथा वातावरणीय क्षेत्रको थप सुधार गर्नुपर्ने जस्ता कुरा हामीले यो प्रतिवेनको रणनीतिक उद्देश्यमा समावेश गरेका छौँ।

प्रतिवेदनमा नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा नेपालको छवि, इज्जत एवं प्रतिष्ठा बढ्ने, अन्तर्राष्ट्रिय क्षेत्रमा विकासशील राष्ट्रका रुपमा दर्ज हुने, लगानीका लागि थप वातावरण तयार हुने, नेपालका दीर्घकालीन विकासका सोचहरु, दिगो विकासका लक्ष्यहरु पूरा गर्न सरकार गैरसरकारी संस्था, निजी क्षेत्र लगायत विकास साझेदारबीच थप समन्वय सुदृढ हुने प्रतिवदेनमा उल्लेख छ। यसका लागि सबै तहका सरकारबीच समन्वय जरुरी छ। अन्तर ीष्ट्रिय व्यापारिक सम्बन्ध र दुई पक्षिय सम्बन्ध अझै बलियो बनाउनुपर्छ।

मेरो योजना भनेको मुलुकको आर्थिक विकासका लागि कसरी अगाडि बढ्ने भन्ने रहेको छ। मुलुकको छवि कसरी अन्तर्राष्ट्रिय जगत्मा उँचो बनाउने भनेर सांसदको हैसियतले गर्नुपर्ने सबै काम गर्नेछु। जलवायु परिवर्तनको असर अहिलेको मुख्य चुनौतीको विषय रहेको छ। संसद्को ध्यान भनेको जलवायु परिवर्तनबाट हुने असर कसरी न्यूनीकरण गर्न सकिन्छ ? जलवायु वित्तलाई कसरी सही रुपमा परिचालन गर्न सकिन्छ ? जोखिमबाट कसरी बच्ने ? भन्ने विषय गम्भीर छ। नेपालले जलवायुजन्य जोखिम न्यूनीकरणका लागि गम्भीर भएर अगाडि बढ्नुपर्छ। म सांसदको हैसियले पनि यी मुद्दालाई उठान गरिरहन्छु।

संविधानको पूर्ण कार्यान्वयन भने जटिल विषय हो। समन्वयको अभावका कारण जति कार्यान्वयन हुनुपर्ने हो त्यति भएको छैन। संविधानमा व्यवस्थित समावेशी लगायतका विषयहरु आफैँमा राम्रा छन् जहाँ दलितका कुरा छन्, महिलाका कुरा छन्, जनजातिका कुरा छन्। संविधानका भएका व्यवस्थालाई सबैको सहकार्य भएमा कार्यान्वयन गर्न सहज हुन्छ। कार्यान्वयन नभएकै भन्ने पनि होइन। तर जति गर्न सकिन्थ्यो त्यति भने भएको छैन।

सांसदले जनताको विश्वास जित्नका लागि सबै आफ्नो दायित्व मात्रै बुझिदिए पुग्छ। अनि बोलेर मात्रै भन्दा पनि कामले नै जनतालाई विश्वास दिलाउन आवश्यक छ। संसदमा रहनुभएका जिम्मेवार पक्षले यी कुराको बोध गरेर अगाडि बढ्नुपर्छ। सञ्चारमाध्यमले पनि भ्रमित कुराहरु जनतालाई सम्प्रेषण गर्नुहुँदैन। संसदीय अभ्यासमा रहँदा खुसीचाहिँ के लाग्यो भने बाहिरबाट हेर्दा सांसदहरु झगडा गरेको जस्तो देखिन्छन्। तर बाहिर निस्किएपछिसँगै चिया पनि पिएका हुन्छन्। हामीबीच मिल्ने संस्कार राम्रो छ। वैचारिक रुपमा मात्रै विवाद देखिन्छ। जे संसद्मा देखिन्छ बाहिर त्यस्तो हुँदैन।

संखुवासभामा जन्मिनुभएकी डा अञ्जान शाक्य नेपालका लागि इजरायलको राजदूत हुँदै हाल राष्ट्रियसभाको सदस्य हुनुहुन्छ। राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको सिफारिसमा शाक्यलाई राष्ट्रियसभा सदस्यमा मनोनयन गर्नुभएको हो। गायिका तथा समाचारवाचिका हुँदै राजदूतको रुपमा आफ्नो छवि स्थापित गरिसक्नुभएकी शाक्य राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समिति अन्तर्गतको दिगो विकास उपसमिति संयोजक हुनुहुन्छ। यो मन्दिर, यो मस्जिद, यो चैत्य, यो गुम्बा, मलाई छ प्यारो सधैँ आफूभन्दा...भन्ने गीतबाट चर्चित शाक्यसँग अन्तर्राष्ट्रिय सरोकार केन्द्रको अध्यक्ष, नेपाल ओमेन च्याम्बरको अध्यक्ष लगायतका पदमा रहेर काम गरेको अनुभव समेत छ। उहाँले सन् २०११ मा व्यवस्थापन विषयमा विद्यावारिधि गर्नुभएको छ ।रासस

## जेनेभा भ्रमण उपलब्धिमूलक : परराष्ट्रमन्त्री



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले आफ्नो साताव्यापी जेनेभा भ्रमण सफल र उपलब्धिमूलक भएको प्रतिक्रिया दिनुभएको छ। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषदको ५८ औँ उच्चस्तरीय सत्रमा सहभागिताका लागि जेनेभा जानुभएकी मन्त्री डा देउवा आज स्वदेश फर्किएपछि सो प्रतिक्रिया दिनुभएको हो।

मन्त्री डा देउवाले गत मङ्गलबार राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को उच्चस्तरीय सत्रलाई सम्बोधन गर्नुभएको थियो। सो सत्रमा राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूका परराष्ट्र तथा मानवअधिकारसम्बन्धी मन्त्री एवं मानवअधिकारका क्षेत्रमा कार्यरत व्यक्तिहरूको सहभागिता थियो।

नेपाल फर्किएपछि मन्त्री डा देउवाले मानवअधिकारको रक्षा र प्रवर्द्धनमा नेपालले विगत लामो समयदेखि काम गरिरेहको जानकारी विश्व समुदायलाई गराउँदै सोही प्रतिबद्धताका साथ नेपालले उक्त परिषदको आगामी सन् २०२७ देखि २०२९ सम्मका लागि सदस्यमा उम्मेदवारी दिएकाले संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूसँग नेपाललाई सहयोग गर्न आग्रह गरेको बताउनुभयो।

संयुक्त राष्ट्रसङ्घको सन् २०२७ देखि २०२९ सम्मका लागि मानवअधिकार परिषद्को सदस्य, २०२९ देखि २०३१ सम्मका लागि आर्थिक तथा सामाजिक परिषद एवं सन् २०३७ देखि २०३८ का लागि सुरक्षा परिषद्को अस्थायी सदस्यमा नेपालले उम्मेदवारी दिने भएकाले त्यसमा सहयोगका लागि राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूसँग मन्त्री डा देउवाले आग्रह गर्नुभयो।

स ं य ु क्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद् को सदस्यसहितको उम्मेदवारीमा नेपाललाई मतदान गर्न आफूले विश्व समुदायलाई आग्रह गरेको र उहाँहरूले पनि नेपाललाई सहयोग गर्ने वचन दिनुभएको मन्त्री डा देउवाले जानकारी गराउनुभयो। यस भ्रमणका क्रममा मन्त्री डा देउवाले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्त भल्कर टकसँग भेटवार्ता गरी नेपालमा मानवअधिकार तथा संक्रमणकालीन न्यायको अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो।

त्यसैगरी उहाँले जेनेभामा रहँदा स्वीट्जरल्याण्ड, नर्वे, स्पेन, स्लोभाकिया, फिलिपिन्स, अजरबैजान, किर्गिस्तान, मेक्सिकोलगायतका मुलुकका समकक्षी, प्रतिनिधिमण्डल र नेताहरूसँग भेटवार्ता गरी द्विपक्षीय हित र चासोका विषयहरूमा छलफल गर्नुभएको थियो।

साथै भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोग, जेनेभाले आयोजना गरेको स्वागत समारोहमा उपस्थित भएका एक सयभन्दा बढी मुलुकका नियोगप्रमुख तथा प्रतिनिधि एवं संयुक्त राष्ट्रसङ्घलगायत विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाका पदाधिकार ीसँग पनि मन्त्री डा देउवाले नेपाललाई मानवअधिकार परिषद् को सदस्यमा मत दिएर सहयोग गर्न आग्रह गर्नुभएको थियो।

मन्त्री डा देउवा ६ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै गत शनिबार जेनेभा जानुभएको थियो। उहाँ सहितको प्रतिनिधिमण्डल आज बिहान १०:३० मा काठमाठौँ आइपुग्ने कार्यक्रम रहेकोमा यहाँको मौसम खराब भएपछि दोहाबाट आएको कतार एयरवेजको विमान भारतको कोलकाता डाइभर्ट गरिएको थियो। त्यसपछि कोलकाताबाट अपराह्न मात्र उहाँ काठमाडौँ फर्किनुभएको थियो ।रासस

## 'स्वास्थ्य क्षेत्रमा ३० प्रतिशत बजेट छुट्याउन आवश्यक'

गण्डकी । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य क्षेत्रमा लगानी नबढाएसम्म स्वास्थ्यसेवामा नागरिकको पहुँच स्थापित गर्न नसकिने बताउनुभएको छ।

बुकवर्म फाउण्डेशनद्वारा पोखरामा आयोजित १२औँ नेपाल साहित्य महोत्सवको 'स्वास्थ्यसेवामा जनताको पहुँच' विषयक बहस सत्रमा उहाँले जनसंख्याको तुलनामा नेपालमा अस्पताल र चिकित्सकको कमी रहेको उल्लेख गर्नुभयो।



"सेना, प्रहरी, निजामतिलगायतमा जनशक्ति बढ्यो तर स्वास्थ्य जस्तो अत्यावश्यक र संवेदनशील क्षेत्रमा जनशक्ति थपिन सकेको छैन", मन्त्री पौडेलले भन्नुभयो, "स्वास्थ्य पूर्वाधार, जनशक्ति र उपकरणमा लगानी बढाउनुपर्छ, नीतिगत र संवैधानिक घोषणाअनुसार नागरिकलाई स्वास्थ्यसेवा दिन कुल बजेटको ३० प्रतिशत बजेट स्वास्थ्यमा छुट्टाउनुपर्छ।"

स्रोतको सुनिश्चितता नगरी गरिएका कतिपय घोषणा कार्यान्वयनमा चुनौती देखिएको उहाँको भनाइ छ। मन्त्री पौडेलले स्वास्थ्य बिमा कार्यक्रममा देखिएका विकृतिलाई अन्त्य गरी थप व्यवस्थित गर्नुपर्ने बताउनुभयो। उहाँले छिट्टै पाँच सय जना नयाँ चिकित्सकको दरबन्दी सिर्जना गरी परीक्षाका लागि विज्ञापन निकाल्ने तयारी भइरहेको बताउनुभयो।

मन्त्री पौडेलले गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहका लागि सरकार प्रतिबद्ध रहेको समेत स्पष्ट पार्नुभयो। "स्वास्थ्य प्रणालीमा व्यापक सुधार गर्नुपर्ने आवश्यकता छ, नीतिगत व्यवस्था भएपनि स्रोतको अभावमा कतिपय योजना व्यवहारिक रुपमा कार्यान्वयन हुन सकेका छैनन्", उहाँले भन्नुभयो, "अब स्वास्थ्यमा लगानी वृद्धि गरेर यस क्षेत्रमा देखिएका समस्याको दीर्घकालिन समाधान खोज्नुपर्छ।"रासस

## 'मुलुक बनाउने परिस्थिति निर्माण नहुँदा समस्या भयो'

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) महासचिव शङ्कर पोखरेलले राजनीतिक दलले मुलुक बनाउन नसकेको नभई मुलुक बनाउने परिस्थिति निर्माण नहुँदा समस्या भएको बताउनुभयो।

एमाले पेसागत विशेष जिल्ला कमिटीले शुक्रबार आयोजना गरेको प्रशिक्षक प्रशिक्षण कार्यक्रममा उहाँले विभिन्न बहानामा देशमा उत्पन्न हुने समस्याका कारण राजनीतिक दलले सम्पूर्ण ध्यान विकास निर्माणमा लगाउन नपाएको उहाँको जिकिर थियो।

"विसं २०७४ मा राजनीतिक दलले काम गर्ने वातावरण तयार भए पनि त्यतिबेलाको सरकारले राम्रोसँग काम गर्न पाएन। कमजोर धरातलमा गरिएको एमाले र नेकपा (माओवादी केन्द्र)को एकतापछि बनेको नेकपा र प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई पनि काम गर्न समस्या भयो", महासचिव पोखरेलले भन्नुभयो।

उहाँले देश आर्थिक रूपमा कमजोर र सामाजिक रूपमा अराजक बन्दै गएपछि थप समस्या उत्पन्न हुन नदिन दुई ठूला राजनीतिक दल मिलेर काम गर्न थालेको बताउनुभयो।



"मुलुकलाई अगाडि बढाउने कोसिस भइरहेको छ। अब हाम्रो समय अलमलमा बित्दैन। हाल देखिएका समस्या समाधानका लागि काम भइरहेको छ। नयाँ सरकार बनेपछि आर्थिक सुधारको प्रक्रियामा केही प्रगति भएको छ", महासचिव पोखरेलको भनाइ थियो, "लगानीको वातावरण तयार भएको छ। ब्याजदर घटेको छ। पुँजीगत खर्च वृद्धि भएको छ। पहिलेभन्दा कर उठ्न थालेको छ। मोटामोटी आर्थिक सूचक सुधारोन्मुख छ।" उहाँले नेपाली कांग्रेस र एमाले मिलेर सरकार बनाए पनि आगामी निर्वाचनमा विनागठबन्धन एक्लाएक्लै चुनाव लड्ने बताउनुभयो। "गठबन्धन गर्दा साना पार्टी संसद्मा रहिरहने र तिनले अस्थिरता सिर्जना गरिरहने अवस्था कायमै रहन्छ। त्यसको अन्त्य हुनुपर्दछ भन्ने मान्यताका साथ हामी एक्लाएक्लै चुनावमा जान्छौँ", महासचिव पोखरेलले भन्नुभयो।

कार्यक्रममा पेसागत महासङ्घका अध्यक्ष पुण्यप्रसाद ढकालले मुलुकमा अस्थिरताबाट अगाडि बढाउनुको विकल्प नभएको बताउनुभयो ।रासस

# ‘अझै युक्रेन युद्धको अन्त्य र शान्तिको आशा पलाएको छैन’

एएफपी

वार्सा ।रूसको आक्रमणको तीन वर्षपछि पनि ओल्गा शेइकोलाई युक्रेनी द्वन्द्वको छाँयाले लखेटिरहेको छ ।

भागेको पहिलो वर्षमा आफ्नो मानसिक तनाव (डिप्रेसन) का कारण शेइकोले आफ्नो शरीरमा २५ किलोग्राम (५५ पाउण्ड) तौल बढेको बताउनुभयो । शरीरमा तौलको यो वृद्धिलाई उहाँले युद्धको कारण भएको मानसिक तनावलाई कारक मान्नुहुन्छ । “हामी सबै तनावसँग अभ्यस्त भइसकेका छौं, तर शरीरका स्रोतहरू असीमित छैनन्,” ४२ वर्षीया शेइकोले आफ्नो ‘नयाँ घर’ वार्सामा एएफपीसँग भन्नुभयो ।

युद्ध चौथो वर्षमा प्रवेश गरेपनि शेइकोले किएभ, ओडेसा र आफ्नो गृहनगर जापोरिजियामा आफ्नो परिवार र साथीहरूको अवस्थाबारे जानकारी लिन हरेक पलमा समाचार हेर्ने गर्नुहुन्छ । उहाँले एएफपीसँग भन्नुभयो, युक्रेनका हरेक शहरमा गोलाबारी र विनाश पुगिसकेको छ र भोलि के हुन्छ भन्ने कसैलाई थाहा छैन।” “अब के हुन्छ भन्ने विचारहरूले यहाँ बस्न गाह्रो बनाउँछ । विदेशमा भएपनि आराम महशुस हुँदैन र स्वदेशका घटनालाई टाढा रहेको कल्पना गर्न सकिँदैन किनभने हामी खराब समाचारको प्रत्याशामा बाँचिरहेका छौं,” उहाँले भन्नुभयो ।

**‘रिसमा भागें’**

हाल पोल्याण्डमा रहेका नौ लाख युक्रेनी शरणार्थीमध्ये ९० प्रतिशत महिला र बालबालिका छन् ।उनीहरूको मानसिक स्वास्थ्य अवस्था उनीहरूको अनुभव, अनुकूलन गर्ने क्षमता र तिनीहरू कहाँबाट आएका हुन् भन्ने आधारमा फरक-फरक हुन्छ।

धेरै निर्वासितहरू अझै पनि अलमलमा परेका छन् र उनीहरूले आफ्नो अवस्था बुझ्न सकेका छैनन् ।

वार्सामा मनोवैज्ञानिक सहायता कार्यशाला सञ्चालन गर्ने मनोचिकित्सक टेटियाना मोइसेइभा भन्नुहुन्छ, “युद्धको



सुरुमा तनाव तीव्र थियो।” युद्ध चर्किँदै जाँदा महिलाहरू ‘सञ्चित थकान’ सँग जुधिरहेका छन्। “शरणार्थीको बसाई गाह्रो कुरा होः यो वातावरण मनोवैज्ञानिक रूपमा अत्यन्त उराठलाग्दो छ र यसले मानसिक समस्या र रोगहरू निम्त्याउँछ,” “उहाँले भन्नुभयो ।

कार्यशालाहरूमा, सहभागीहरू एक सर्कलमा बस्छन् र आफ्ना भावनाहरू आदानप्रदान गर्छन् । यो एउटा यस्तो अभ्यास हो जसले प्रायः रोकिएका आँसुलाई भारिदिन्छ र उनीहरूको मन हलुङ्गोको बनाइदिन्छ । किएभकी २३ वर्षीया युवती डायना सोजोनोभाजस्तै उहाँ र अन्य कैयौँ शरणार्थी महिलाले आफूले

> किएभकी २३ वर्षीया युवती डायना सोजोनोभाजस्तै उहाँ र अन्य कैयौं शरणार्थी महिलाले आफूले सामना गरिरहेका धेरै दमित आघातको प्रभावको सामना गर्न एन्टीडिप्रेसेन्ट्स (औषधि)को सहारा लिएको बताउनुभयो ।

सामना गरिरहेका धेरै दमित आघातको प्रभावको सामना गर्न एन्टीडिप्रेसेन्ट्स (औषधि)को सहारा लिएको बताउनुभयो ।

उहाँ यसअघि पनि गम्भीर डिप्रेसनको सिकार हुनुभएको थियो।

युद्धको प्रकोपले यसलाई पुनः बल्झायो । सोजोनोभाले एएफपीसँगकोकुराकानीमाभन्नुभयो, “मलाई आत्महत्या गर्ने विचार आउन थाल्यो ।”उहाँले युक्रेन फर्कने योजना बनाउनुभयो तर चिन्ताले बाधा पुर्यायो, पछिल्लो पटक उहाँले आफ्नो देशको अपेक्षाकृत सुरक्षित पश्चिमी भागको भ्रमण गर्दा एक अक्षम डरलाई माथ गरेको र आफुलाई लामो समयपछि साहस प्रदान गरेको बताउनुभयो ।

“मलाई लाग्थ्यो कि क्षेप्यास्त्रले मलाई लाग्न सक्छ र मेरो मृत्यु हुन सक्छ तर के भो त? आखिर मेरो रगत मेरो जन्मभूमिमा बग्नेछ । मेरो दुष्ट शत्रुलाई लाग्नेछ उनीहरूको क्षेप्यास्त्र हान्ने सिपाहीको भन्दा विस्फोटक पदार्थको छर्रा लागेर मृत्युवरण गर्ने मेरो शरीरमा कति धेरै शाहस र आत्मसम्मान छ भनेर” उहाँले भन्नुभयो । ३७ वर्षीया ओल्गा पोलियोभ्निचा छोराको भविष्यका लागि आफ्नो तीन वर्षीय छोरालाई लिएर किएभबाट भाग्नुभएको थियो ।अहिले दुई बेडरुमको आरामदायी फ्ल्याटमा बसेकी उहाँ युक्रेनको एक विज्ञापन एजेन्सीका लागि अनलाइनमा काम गर्नुहुन्छ।

उहाँले भन्नुभयो, “देशमा स्थिरताको यात्रा कठिन थियो। म रिसले दगुरेँ, तर एक वर्षपछि मैले त्यसो गर्न सकिनँ।” दक्षिणी युक्रेनको खेर्सनका पोलियोभ्निचाले भन्नुभयो, “अहिले म सुरक्षित छु तर दगुर्न सक्दिन। किनकि यहाँको एक्लो बसाइले मलाई मानसिक पीडा दियो र हरीरमा रोग निम्त्यायो । मलाई डिप्रेसन भएको छ। औषधि खानुपर्छ । शक्ति पनि क्षिण भएको छ।”

जब युक्रेनमा आक्रमण भइरहेको थियो । सबै गाउँ छोड्दै हिडिरहेका थिए । त्यसै क्रममा मलाई एउटा सोच आयो, “मेरो एउटा बच्चा छ । यसका लागि केही गर्नुपर्छ यसले मलाई हेर्छ भन्ने महसुस गरेँ। बच्चा लिएर भागेँ र यहाँ शरणार्थीका रूपमा बसिरहेकी छु ।

”“युक्रेनका मानिसहरूले यहाँ दुःख भोग्नु परेपनि उनीहरूलाई हेर्दा आफूले अझ राम्रो गरिरहेको जस्तो लाग्छ,” आफ्नो दुःख विर्सने कोशिस गर्दै उहाँले भन्नुभयो। तर दिनरातको कोठाको बसाई । परिवार र गाउँलेसँगको विछोड। गाउँमा शत्रुका सेना परेड खेलेका टेलिभिजन दृष्यजस्ता तीव्र तनावसँगै समय बित्दै जाँदा उहाँ अहिले डिप्रेसनको शिकार हुनुभएको छ ।

पोलियोभ्निचाले भन्नुभयो, “म मद्दत चाहन्छु तर मलाई मेरो भावनामा पुगेर मद्दत गरिदिने कोही छैन । मेरो रोइरहँदा मलाई पनि डाँको छोडेर रून मन लाग्छ, म पनि रुन चाहन्छु, भुइँमा सुत्न चाहन्छु, र रिसमा मेरो खुट्टा पिट्न चाहन्छु। तर एकोहोरो सोचिरहेकी म त्यसो गर्न सक्दिन । घरीघरी मलाई मेरो मनले सम्झाउँछ । अनि सम्हालिन्छु, औषधी लिन्छु र सबै बिर्सने कोशिस गर्छु ।”

**‘दुई विन्डो’**

वार्सास्थित युक्रेनी महिला क्लबकी संयोजक मेरिना माजुराकले शरणार्थीमा मनोवैज्ञानिक सहयोगको माग सधैँ हुने गरेको बताउनुभयो ।

“प्रायः सबै महिला एकै पटक दुई ठाउँमा बस्छन्। वास्तवमा उनीहरू जहाँ हुन्छन् कल्पनामा त्यो भन्दा धेरै टाढा । आफ्नै गाउँ र परिवेशमा ।” “यो कम्प्युटर स्क्रिनमा दुई ‘विन्डो’ खोल्नु जस्तै होः यहाँ युक्रेन छ, यहाँ पोल्याण्ड छ, र यो सबै जडान गर्न धेरै गाह्रो छ,” उहाँले भन्नुभयो । उहाँको क्लबले लगभग हरेक दिन कार्यक्रम गर्दछ र निःशुल्क स्थानहरू घोषणा गरिएको केही मिनेटभित्र कार्यक्रमस्थल भरिन्छ । किनकि, त्यहाँ यस्ता कार्यक्रमको खोजीमा हजारौ व्यक्ति रहेका छन् ।

माजुराकले भन्नुभयो, “सबै भावनात्मक र मनोवैज्ञानिक आत्म-नियमनमा मद्दत गर्ने उद्देश्य राख्ने ‘आर्ट थेरापी’, शिल्प विकास तालिम, शारीरिक अभ्यासहरूले उनीहरूलाई साहस दिन्छ। बाँच्न कला सिकाउँछ र दुःखलाई बिर्सने प्राकृतिक शक्ति पनि दिन्छ।” किएभको सेनाका लागि छद्म जाल बुन्न हरेक हप्ता भेला हुने महिलाहरूको एउटा समूह विशेष गरी नजिक भएको छ। उनीहरूले गत वर्ष स्वयंसेवकहरूसँगै क्रिसमस मनाएका थिए ।

शेइकोका लागि, सबै युक्रेनी शरणार्थी महिलाहरूमा केही समानता छः “हामी सबैले शान्ति, काम, परिवार र हानि अनुभव गरेका छौँ ।

”उहाँले भन्नुभयो, “ खालि समय र प्रदर्शनीको रमाइलोले कुनै समय आफ्नो जीवनको लागि अर्थ ल्यायो, तर ‘तिनीहरूको महत्त्व सकियो।”उहाँले थप्नुभयो, “अब, खाना खानु, परिवारसँग सम्पर्कमा रहनु र आफ्नो घरको ओतमा बस्नु मात्र महत्त्वपूर्ण छ।”

# वीरगञ्ज गोल्डकप फुटबल शनिबारदेखि




वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाको सहयोगमा भोलि शनिबारदेखि हुने वीरगञ्ज गोल्डकप फुटबल प्रतियोगिताको तयारी पूरा भएको खेल आयोजक भेट्रान सिटीक्लबले जनाएको छ।

आदर्शनगर रङ्गशाला हुने प्रतियोगितामा एक भारतीयसहित राष्ट्रियस्तरका आठ वटा फुटबल टोली मैदानमा उत्रने भेट्रान सिटी क्लबका उपाध्यक्ष सागर शमशेर जबराले राससलाई जानकारी दिनुभयो ।

प्रतियोगितामा ए डिभिजन लिग खेल्ने सङ्कटा, मच्छिन्द्र, नेपाल पुलिस, एपिआई चर्च ब्वाइज युनाइटेड, दिल्लीको गढवाल डाइमण्ड फुटबल क्लब, सलहेश फुटबल क्लब बागमती युथ क्लब र वीरगञ्ज युनाइटेड स्पर्धा गर्दै छन् । प्रतियोगितामा प्रथम हुनेलाई पदक एवं प्रमाणपत्रका साथ नगद रु ११ लाख ११ हजार एक सय ११, उपविजेता टोलीलाई रु पाँच लाख ५५ हजार पाँच सय ५५ प्रदान गरिने छ। शनिबार हुने उद्धाटन खेलमा वीरगञ्ज युनाइटेड र गढवाल डाइमण्ड भिड्ने छन् ।


प्रतियोगिता सम्पन्न गर्नका लागि करिव एक करोड खर्च लाग्ने आयोजकले जनाएको छ। प्रथम वीरगञ्ज गोल्ड कप फुटबल प्रतियोगिता २०८० को कात्तिक महिनामा आयोजना गरिएको थियो ।

प्रथम संस्करणको वीरगञ्ज गोल्डकपको विजेताको रुपमा नेपाल पुलिस क्लब र उपविजेताको रुपमा नेपाल आर्मी क्लब भएको थियो ।रासस

# राष्ट्रव्यापी खुला ब्याडमिन्टन प्रतियोगिता हुने

काठमाण्डु । नखिपोट युथ क्लबको आयोजना तथा नखिपोट ब्याडमिन्टन सर्कलको सहआयोजनामा तेस्रो यलम्बर राष्ट्रव्यापी खुला ब्याडमिन्टन प्रतियोगिता आगामी चैतको १ देखि ४ गतेसम्म हुने भएको छ ।

नखिपोटस्थित आयोजकको आफ्नै कभर्डहलमा प्रतियोगिता हुने आयोजक नखिपोट युथ क्लबका अध्यक्ष जङ्गबहादुर सुनुवारले जानकारी दिनुभयो । प्रतियोगितामा छ स्पर्धामा करिब दुई सय ७५ खेलाडीको सहभागिता अपेक्षा गरिएको क्लबका उपाध्यक्ष इन्द्रजित लिम्बूले जानकारी बताउनुभयो । सबै स्पर्धामा नगद पुरस्कार राखिएको छ। प्रतियोगिताको कुल पुरस्कार राशि रु तीन लाख ८५ हजार रहेको छ।



पुरुष/महिला सिङ्गल्समा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः रु ३० हजार, १५ हजार र सात हजार पाँच सय पाउने छन् । पुरुष सिङ्गल्समा शीर्ष आठ वरियतामा रहेका खेलाडी सहभागी हुन पाउने छैनन् । यु-१७ पुरुष सिङ्गल्समा पहिलो हुनेले रु १५ हजार, दोस्रोले १० हजार र तेस्रोले पाँच हजार नगद पुरस्कार हात पार्ने छन् ।

शीर्ष २० वरियताबाहेकका खेलाडीको पुरुष डबल्समा प्रथम हुनेले रु ५० हजार, द्वितीयले २५ हजार र तृतीयले १० हजार नगद पुरस्कार प्राप्त गर्ने छन् । त्यस्तै मिक्स डबल्सका विजेताले रु ३० हजार, उपविजेताले १५ हजार र तेस्रोले सात हजार पाँच सय पुरस्कार पाउने छन् ।

भेट्रान ४५ वर्षमाथि पुरुष सिङ्गल्समा शीर्ष तीन स्थानमा रहनेले क्रमशः रु ३५ हजार, २० हजार र १० हजार पुरस्कार प्राप्त गर्ने छन् ।

प्रतियोगिता सञ्चालन गर्न करिब रु १५ लाख खर्च लाग्ने आयोजकले जनाएको छ ।रासस

# मार्चदेखि चीनलाई थप १० प्रतिशत कर लगाउने ट्रम्पको घोषणा

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार चीनबाट आयात हुने सामानमा १० प्रतिशत थप शुल्क लगाउने घोषणा गर्नुभएको छ । साथै उहाँले ‘अस्वीकार्य’ लागूपदार्थ तस्करीका कारण देखाउँदै क्यानाडा र मेक्सिकोमाथि आगामी हप्ता शुल्क लगाउने योजना अघि बढाउने बताउनुभएको छ ।

विश्वभरका अघिल्लो दिनको नोक्सानीलाई पछ्याउँदै शुक्रबार एसियामा खुल्ने बजारहरूमा रिपब्लिकन राष्ट्रपति ट्रम्पको यो पछिल्लो टिप्पणीले विश्वव्यापी व्यापार युद्धको डर फैलाएको छ ।अवैध आप्रवासन र घातक फेन्टानिललाई लिएर ट्रम्पले यस महिना क्यानाडा र मेक्सिकोको आयातमा २५ प्रतिशत कर लगाउने घोषणा गर्नुभएको थियो । तर एक महिना लामो विश्राम मङ्गलबार समाप्त हुँदैछ ।

अर्को हप्ता शुल्कमा अगाडि बढ्ने योजना छ कि छैन भन्ने पत्रकारहरूको प्रश्नपछि ट्रम्पले बिहीबार सामाजिक सञ्जालमा जबसम्म फेन्टानिलको समस्या बन्द हुँदैन ‘वा गम्भीर रूपमा सीमित हुँदैन’ प्रस्तावित शुल्कहरू निर्धारित रूपमा हुने लेख्नुभएको छ ।“चीनलाई पनि त्यही मितिमा १० प्रतिशत थप शुल्क लगाइनेछ”, उहाँले मार्च ४ को सन्दर्भमा भन्नुभयो ।यस महिनाको सुरुमा ट्रम्पले चीनबाट आयात हुने सामानमा १० प्रतिशत शुल्क वृद्धि गर्नुभयो । यसबाट बेइजिङलाई जवाफी कारबाही गर्न उत्प्रेरित गऱ्यो ।

एक अमेरिकी अधिकारीले फेन्टानिलका कारण लगाइएको अवस्थित शुल्कमा नयाँ १० प्रतिशत शुल्क थपिएको पुष्टि गर्दै लागूपदार्थ मामिलामा ‘ अपर्याप्त प्रगति’ भएको बताएका छन् ।फेन्टानिल मुद्दालाई सम्बोधन गर्न वासिङ्टनले तीनवटै देशविरुद्ध कारबाही गर्नुपर्ने अधिकारीले बताए ।चिनियाँ वाणिज्यमन्त्री वाङ वेन्ताओले बिहीबार वासिङ्टनको अघिल्लो १० प्रतिशत शुल्कप्रति चिन्ता व्यक्त गर्नुभयो ।

“चीन यसको दृढतापूर्वक विरोध गर्दछ र सम्बन्धित जवाफी कदमहरू चालेको छ”, नवनियुक्त अमेरिकी व्यापार प्रतिनिधि (युएसटिआर) जेमिसन ग्रिरलाई लेखेको पत्रमा वाङले भन्नुभयो ।ट्रम्पको खतराबाट आफ्नो अर्थतन्त्रलाई जोगाउने योजना बनाउन चिनियाँ नेतृत्वको बैठक अर्को हप्ता बस्ने भएको छ ।मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले बिहीबार ट्रम्पको धम्की शुल्कबाट बच्न उहाँसँग कुरा गर्ने आशा गरेको बताउनुभयो ।एक उच्चस्तरीयमेक्सिकालीप्रतिनिधिमण्डल सम्झौताको खोजीमा वासिङ्टनमा छ ।

साथै क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले अधिकारीहरूले अमेरिकी करहरू रोक्न चौबीसै घण्टा काम गरिरहेको तर अर्को हप्ता उपायहरू लागु भएमा ‘तत्काल’ प्रतिक्रिया हुने बताउनुभयो ।संयुक्त राज्य अमेरिकामा प्रवेश गर्ने फेन्टानिल र कागजातविहीन आप्रवासीहरूको एक प्रतिशतभन्दा कम क्यानाडाको सीमाबाट आउने कुरामा ट्रुडोले बारम्बार जोड दिनुभएको छ ।ट्रम्पको धम्कीले प्रमुख निर्यातक देशहरूमा कम्पन पैदा गरेको छ ।टोकियोमा केही समयका लागि तीन प्रतिशतको गिरावटसँगै शुक्रबारको सुरुमा एसियाली बजारहरू रातो रङमा थिए ।

# जेलेन्स्की र ट्रम्पले ह्वाइट हाउसमा खनिज सम्झौतामा हस्ताक्षर गर्ने

एएफपी

वासिङ्टन । एक हप्ताअघि डोनाल्ड ट्रम्पले भोलोदिमर जेलेन्स्कीलाई तानाशाह भन्नुभएको थियो । शुक्रबारउहाँलेयुक्रेनीराष्ट्रपतिलाई ह्वाइट हाउसमा स्वागत गर्दै हुनुहुन्छ र वासिङ्टनलाई युक्रेनको दुर्लभ खनिजहरूमा पहुँच प्रदान गर्ने सम्झौतामा हस्ताक्षर गर्दै हुनुहुन्छ ।



किएभले ट्रम्पको रूसतर्फको हालैको झुकावका बावजुद समर्थन सुरक्षित गर्न खोजिरहेका बेला यो असाधारण परिवर्तनले वासिङ्टनमा केन्द्रित एक हप्ताको तीव्र अन्तर्राष्ट्रिय कूटनीतिलाई समेट्छ । ट्रम्पले दुई साताअघि किएभबिना रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग कुरा गर्दै तीन वर्ष पुरानो युद्ध अन्त्य गर्ने वार्ता सुरु गरेर युक्रेनबारे अमेरिकाको वर्षौंको नीतिलाई उल्टाइदिनुभयो ।

उहाँले जेलेन्स्कीलाई ‘चुनावविहीन तानाशाह’ भनेर हप्काउँदै र सन् २०२२ को फेब्रुअरीमा रुसको आक्रमणका लागि युक्रेनलाई दोष दिँदै सहयोगीहरूलाई पनि चिन्तित बनाउनुभयो ।तर फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन र बेलायती प्रधानमन्त्री किर स्टार्मरको भ्रमणपछि हालैका दिनहरूमा ट्रम्पको स्वर नरम भएको छ ।“म उहाँप्रति धेरै सम्मान गर्दछु”, ट्रम्पले बिहीबार जेलेन्स्कीको बारेमा भन्नुभयो, “हामी साँच्चै राम्रोसँग मिल्नेछौं ।” ट्रम्पले गत हप्ता सामाजिक सञ्जालमा जेलेन्स्कीविरुद्ध गरेको ‘तानाशाह’ प्रहार पनि फिर्ता लिनुभयो ।

यो व्यङ्ग्यलाई उहाँले पहिले फिर्ता लिन अस्वीकार गर्नुभएको थियो भने उहाँले पुटिनलाई पनि तानाशाह भन्न अस्वीकार गर्नुभएको थियो ।“के मैले त्यस्तो भनेको थिएँ ? मलाई विश्वास लाग्दैन मैले त्यस्तो भनेको थिएँ”, स्टार्मरसँगको बैठकका क्रममा पत्रकारहरूले जेलेन्स्कीबारे गरेको टिप्पणीबारे सोध्दा ट्रम्पले जवाफ दिनुभयो ।विशेष गरी तेल, ग्याँस र दुर्लभ पृथ्वी धातुहरू लगायत युक्रेनी प्राकृतिक स्रोतहरूमा वासिङ्टनलाई प्राथमिक पहुँच दिने सम्झौताको जेलेन्स्कीको प्रारम्भिक अस्वीकृतिबाट तानाशाहको आक्रोश उत्पन्न भएको थियो ।

जेलेन्स्कीले कुनै पनि सम्झौताको हिस्साका रूपमा अमेरिकी सुरक्षा ग्यारेन्टीको माग गर्नुभयो तर ट्रम्पले कुनै पनि प्रतिबद्धता दिन अस्वीकार गर्नुभएको छ ।अर्बपति रियल स्टेट व्यवसायी ट्रम्पले युक्रेनलाई सैन्य र अन्य सहायतामा दिएको अर्बौं डलर फिर्ता लिन वासिङ्टनलाई यो सम्झौता आवश्यक रहेको जोड दिनुभयो ।अन्ततः जेलेन्स्की नरम हुनुभयो र यसमा हस्ताक्षर गर्न ह्वाइट हाउसमा आउन सहमत हुनुभयो । यो सम्झौताले संयुक्त राज्य अमेरिकालाई युक्रेनको धेरै खनिज सम्पत्तिमा हिस्सा दिनेछ ।

“हामी युक्रेनको स्रोतका लागि उत्खनन गर्नेछौँ”, ट्रम्पले बिहीबार पत्रकारहरूलाई भन्नुभयो ।खनिज सम्झौताका केही विवरण मात्र बाहिर आएका छन् ।

जेलेन्स्कीले यस हप्ता पत्रकारहरूलाई यसले व्यापक सम्झौताहरूका लागि रूपरेखाका रूपमा काम गर्ने बताउनुभयो ।अमेरिकी र युक्रेनी अधिकारीहरूबीचको थप छलफलले युक्रेनका लागि सुरक्षा ग्यारेन्टीहरूको प्रकृति र सम्झौतामा सम्बन्धित रकमको सही मात्रा निर्धारण गर्ने उहाँले बताउनुभयो । तर ट्रम्पले कुनै पनि ग्यारेन्टीको प्रतिबद्धता गर्न बारम्बार अस्वीकार गर्नुभएको छ ।

# व्यावसायिक फुटबल खेल्न एन्जिला ग्रिस प्रस्थान



काठमाण्डु । अन्तरराष्ट्रिय महिला च्याम्पियनसिप फुटबल प्रतियोगिता खेल्न नेपाल आएकी राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान एन्जिला तुम्बापो सुब्बा शुक्रबार ग्रिस प्रस्थान गरेकी छिन् ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा अखिल नेपाल फुटबल सङ्घ (एन्फा) प्रवक्ता सुरेश शाह, केन्द्रीय सदस्य पेमा डोल्मा लामा, र महिला टोलीकी व्यवस्थापक विन्द्रा देवानलगायतले एन्जिलालाई बिदाइ गर्नुभयो ।

एन्जिला व्यवसायिक फुटबल खेल्न ग्रिस प्रस्थान गरेकी हुन् । त्यहाँ उनले निस अट्रोमिटौबाट ग्रिक महिला ‘ए’ डिभिजन लिग खेलिरहेकी छन् । यहि फागुन १४ गते भएको अन्तरराष्ट्रिय महिला च्याम्पियनसिपको फाइनलमा नेपाल म्यानमारसँग २-० ले पराजित भएको थियो । प्रतियोगितामा यी दुई टोलिसँगै लेबनान र कीर्गिस्तानको सहभागिता थियो ।रासस

# कुमारी सहकारी हिनामिना प्रकरण : एक अर्ब १३ करोड बिगो दाबीसहित २५ जनाविरूद्ध मुद्दा दर्ता




म्याग्दी । बेनीको कुमारी बहुउद्देश्यीय सहकारी संस्थाको रकम हिनामिना प्रकरणमा जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापासहित २५ जनाविरूद्ध रू एक अर्ब १३ करोड बिगो दाबी गर्दै जिल्ला सरकारी वकिल कार्यालयले मुद्दा दर्ता गरेको छ ।

सहकारी रजिष्ट्रारको कार्यालय पोखराको सिफारिसमा जिल्ला प्रहरी कार्यालयले गरेको अनुसन्धानपछि उनिहरूविरूद्ध बिहीबार म्याग्दी जिल्ला अदालतमा सरकारी वकिल कार्यालयले माग दाबीसहितको अभियोगपत्र दर्ता गरेको हो ।

सङ्गठित रूपमा सहकारीमा निक्षेप रहेको सेयर तथा बचत रकम, संस्थाको सम्पत्ति र बाह्य ऋणवापतको रकम, नेपाल सरकारको राजस्वसमेत हानिनोक्सानी पुर्याइ सहकारी ऐन, २०७४ को नियमावली २०७५ र संस्थाको विनियमविपरीत गरेका उनीलाई सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन २०६४ बमोजिम थप अनुसन्धान र कारबाही गर्न पनि माग गरिएको छ ।

जिल्ला अदालतका सूचना अधिकारी डिल्लीराम पौडेलले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम दर्ता भएको अभियोगपत्रका विषयमा आगामी आइतबारदेखि थुनछेक बहस सुरू हुने जानकारी दिनुभयो । "समय अभावका कारण प्राप्त भएको अभियोगपत्र दर्तामात्र भएको छ", उहाँले भन्नुभयो, "आइतबारदेखि थुनछेक बहस सुरू हुन्छ ।"

सहकारीका वर्तमान र पूर्व सञ्चालक समितिका पदाधीकारी, सदस्य, लेखा र ऋण समितिका संयोजक तथा सदस्यलाई विपक्षी बनाइएको छ ।

२०८१ माघ २० गते पक्राउ परेका पाँच र फागुन ७ गते पक्राउ परेका एक जना प्रहरीको हिरासतमा र १९ जना फरार छन् । अनुसन्धान प्रभावित हुने भन्दै प्रहरी, वकिल कार्यालय र अदालतले पक्राउ नपरेका आरोपितको नाम सार्वजनिक गरेका छैनन् ।

बेनी नगरपालिका-१ का ३६ वर्षीय थापा कुमारी सहकारीका पूर्वसचिव, उपाध्यक्ष र ऋण समितिको पदाधीकारी हुन् । विसं २०७९ को स्थानीय तह निर्वाचनमा नेकपा (एमाले)बाट जिल्ला समन्वय समितिको प्रमुखमा निर्वाचित थापा उक्त पार्टीको पूर्व जिल्ला उपसचिवको जिम्मेवारीमा थिए । थापाले सहकारीको रू १७ करोड ५८ लाख ६३ हजार चार सय २६ हिनामिना गरेको अनुसन्धानबाट पुष्टि भएको छ ।

उक्त सहकारीका पूर्वप्रबन्धक जलजला गाउँपालिका-३ पर्वत बेनीका ५३ वर्षीय रूद्र गुरूङले रू १३ करोड ५९ लाख ४८ हजार छ सय नौ अपचलन गरेका अनुसन्धानबाट खुलेको छ । अनुसन्धान प्रतिवेदनअनुसार सहकारीका सचिव, पूर्वसहसचिव र लेखा समिति सदस्य बेनी नगरपालिका-१ की ४९ वर्षीय देवीकुमारी थापाले रू तीन करोड ७१ लाख चार हजार छ सय ३१ र पूर्वअध्यक्ष रघुगङ्गा गाउँपालिका-५ का ६७ वर्षीय मनप्रसाद थकालीले रू पाँच करोड ८२ लाख ६६ हजार सात हिनामिना गरेका छन् ।

पूर्वकोषाध्यक्ष, पूर्वअध्यक्ष, पूर्व ऋण समिति सदस्य अन्नपूर्ण गाउँपालिका-७ का ६६ वर्षीय थमबहादुर गर्बुजाविरूद्ध रू चार करोड ५५ लाख ९४ हजार दुई सय २७ र लेखासमितिका पूर्वसदस्य बेनी नगरपालिका-४ का ३७ वर्षीय लोकबहादुर पुन (लोकेश)ले रू दुई करोड १० लाख ४६ हजार ४४ हिनामिना गरेका छन् । फरार रहेकाहरूले पनि कम्तीमा रू ५२ लाख ९३ हजारदेखि रू सात करोड ४४ लाख दुरूपयोग गरेको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ ।

प्रहरीले सहकारी रजिष्ट्रारको कार्यालयले गरेको छानबिन प्रतिवेदन, पक्राउ परेकाहरूसँग सोधपुछ, कागजात तथा प्रमाणको अध्ययन र पीडित बचतकर्ताको उजुरीका आधारमा अनुसन्धान गरेको हो । सञ्चालक समिति, ऋण उपसमिति र लेखा सुपरीवेक्षक समितिमा दबाब दिई समितिका पदाधिकारीलाई बाध्यात्मक स्थिति सृजना गरी संस्थालाई पूर्ण रूपमा आफ्नो नियन्त्रणमा राखी सम्पूर्ण सिष्टमको तालाचाबी आफूहरूले नै लिई गलत लेखापरीक्षण गराई झुठा प्रतिवेदन सार्वजनिक गर्ने, अनधिकृत रूपमा कारोबार सञ्चालन गर्ने, सहकारीको रकम अपचलन गरी आफ्नो नाममा निजी सम्पत्ति खरिद बिक्री गरी गैरकानुनी लाभ लिएको अनुसन्धानबाट खुलेको छ ।

सहकारी ठगी गरेको रकमले निजी सम्पत्ति खरिद गरी एकीकृत गर्ने, निजी कम्पनीमा रकम निकासा गराउने, सहकारीको रकमलाई गैरकानुनी रूपमा ढुकुटीका कारोबारमा प्रयोग गर्ने, प्रचलित कानुनबमोजिम सहकारी ऐन तथा कर्जा प्रक्रियाको मापदण्ड नै पूरा नगरी सहकारीको पुँजी कोषको १० प्रतिशतभन्दा अधिक मात्रामा कर्जा प्रवाह गर्ने, कर्जा प्रवाह गर्दाका बखतमा पर्याप्त मात्रामा कर्जा विष्लेषण तथा सुरक्षण नलिई कर्जा प्रवाह गराउने, पेश्कीका नाममा रकम हिनामिना मिलान गर्ने, ऋण देखाई रकम हिनामिना गराउने, चार हजारभन्दा बढी सदस्यको कारोबार गराई सीमित व्यक्तिलाई सेयर सदस्य प्रदान गरी सहकारीको रकमबाट लाभ लिन जीवन बिमा गराई सहकारीको रकम हिनामिना गर्ने, आफूहरूले लिएको ऋणको दायित्व भुक्तान नगरी आम्दानी हिनामिना गराउने, ब्याज छुट खर्च लेखी रकम हिनामिना गर्ने, सहकारी ऐन, कानुनविपरीत कर्जाभन्दा बढी बचतमा ब्याजदर कायम गराई रकम हिनामिना गर्नेजस्ता कार्य गरेको आरोप अभियोगपत्रमा उल्लेख छ ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । केन्द्रीय बैंकका अनुसार शुक्रबार अमेरिकी डलर एकको खरिददर १३९ रुपैयाँ २३ पैसा र बिक्रीदर १३९ रुपैयाँ ८३ पैसा कायम भएको छ ।

शुक्रबारका लागि युरोपियन युरो एकको खरिददर १४५ रुपैयाँ ८६ पैसा र बिक्रीदर १४६ रुपैयाँ ४९ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७६ रुपैयाँ ४७ पैसा र बिक्रीदर १७७ रुपैयाँ २३ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १५५ रुपैयाँ ०२ पैसा र बिक्रीदर १५५ रुपैयाँ ६९ पैसा कायम गरिएको छ ।

यसैगरी, अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ७२ पैसा र बिक्रीदर ८८ रुपैयाँ १० पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ११ पैसा र बिक्रीदर ९७ रुपैयाँ ५३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रुपैयाँ ७८ पैसा र बिक्रीदर १०४ रुपैयाँ २३ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ २९ पैसा र बिक्रीदर नौ रुपैयाँ ३३ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १५ पैसा र बिक्रीदर १९ रुपैयाँ २४ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ १२ पैसा र बिक्रीदर ३७ रुपैयाँ २८ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ २० पैसा र बिक्रीदर ३८ रुपैयाँ ३७ पैसा कायम भएको बैंकले जनाएको छ ।

यस्तै, थाई भाट एकको खरिददर चार रुपैयाँ ११ पैसा र बिक्रीदर चार रुपैयाँ १३ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ९१ पैसा र बिक्रीदर ३८ रुपैयाँ ०८ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ३३ पैसा र बिक्रीदर ३१ रुपैयाँ ४६ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ६५ पैसा र बिक्रीदर नौ रुपैयाँ ६९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ०४ पैसा र बिक्रीदर १३ रुपैयाँ १० पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ५६ पैसा र बिक्रीदर १९ रुपैयाँ ६४ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हडकङ डलर एकको खरिददर १७ रुपैयाँ ९१ पैसा र बिक्रीदर १७ रुपैयाँ ९९ पैसा, कुवेती दिनार एकको खरिददर ४५१ रुपैयाँ २८ पैसा र बिक्रीदर ४५३ रुपैयाँ २३ पैसा, बहराइन दिनार एकको खरिददर ३६९ रुपैयाँ ४१ पैसा र बिक्रीदर ३७१ रुपैयाँ, ओमनी रियाल एकको खरिददर ३६१ रुयैयाँ ६४ पैसा र बिक्रीदर ३६३ रुपैयाँ १९ पैसा रहेको छ । भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# यस्तो छ तरकारी र फलफूलको थोक मूल्य



काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शुक्रबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । गोलभैँडा ठूलो (नेपाली) प्रतिकेजी रु ५० गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रु ६०, गोलभैँडा सानो (तराई) प्रतिकेजी रु २२, आलु रातो प्रतिकेजी रु ३३, आलु रातो (भारतीय) प्रतिकेजी रु ३२, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७२, गाजर (लोकल) प्रतिकेजी रु ३५, गाजर (तराई) प्रतिकेजी रु ३०, बन्दा (लोकल) प्रतिकेजी रु १२, बन्दा (तराई) प्रतिकेजी रु १२, बन्दा (नरिवल) प्रतिकेजी रु १२, काउली स्थानीय प्रतिकेजी रु २५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ३५, काउली (तराई) प्रतिकेजी रु २५, मूला रातो प्रतिकेजी रु ४५, मूला सेतो (लोकल) प्रतिकेजी रु २५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ३०, भन्टा डल्लो प्रतिकेजी रु ५० कायम भएको छ ।

यसैगरी, मटरकोसा प्रतिकेजी रु ६०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ६०, घिउ सिमी (राजमा) प्रतिकेजी रु १०० टाटे सिमी प्रतिकेजी रु ७०, तिते करेला प्रतिकेजी रु ११०, लौका प्रतिकेजी रु ५०, परबर (लोकल) प्रतिकेजी रु २००, घिरौला प्रतिकेजी रु ११०, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु १२, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु १२, भिण्डी प्रतिकेजी रु ११०, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४५, पिँडालु प्रतिकेजी रु १३०, स्कूस प्रतिकेजी रु ४५, रायो साग प्रतिकेजी रु २५, पालुङ्गो साग प्रतिकेजी ५०, चमसुरको साग रु ५०, तोरीको साग प्रतिकेजी रु २५, मेथीको साग प्रतिकेजी रु ६०, प्याज हरियो प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ६०, तरुल प्रतिकेजी रु ११०, च्याउ (कन्य) प्रतिकेजी रु १००, च्याउ (डल्ले) प्रतिकेजी रु ३६०, कुरिलो प्रतिकेजी रु १,६०० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकेजी रु ४५, चुकुन्दर प्रतिकेजी रु ७०, सजीवन प्रतिकेजी रु २२०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ६०, सेलरी प्रतिकेजी रु १५०, सौफको साग प्रतिकेजी रु ६०, पार्सले प्रतिकेजी रु ३००, पुदिना प्रतिकेजी रु ३००, गान्टे मूला प्रतिकेजी रु ६०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२० र गुन्द्रुक प्रतिकेजी रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २००, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १५०, कागती प्रतिकेजी रु १८०, अनार प्रतिकेजी रु ३८०, अङ्गुर (हरियो) प्रतिकेजी रु १८०, अङ्गुर (कालो) प्रतिकेजी रु २५०, सुन्तला (नेपाल) प्रतिकेजी रु १४०, सुन्तला (भारतीय) प्रतिकेजी रु १४०, तरबुजा (हरियो), प्रतिकेजी रु ५०, मौसम प्रतिकेजी रु १६०, जुनार प्रतिकेजी रु १४०, भुइँकटहर प्रतिगोटा रु १८०, काँक्रो (लोकल) प्रतिकेजी रु ८०, काँक्रो (हाइब्रिड) प्रतिकेजी रु ३५, रुख कटहर प्रतिकेजी रु ११०, निबुवा प्रतिकेजी रु ७०, नासपाती (चाइनिज) प्रतिकेजी रु २४०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १४०, लप्सी प्रतिकेजी रु १३०, खरबुजा प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ४००, किबी प्रतिकेजी रु ४८० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ८०, खुर्सानी हरियो अकबरे प्रतिकेजी २५०, भेडे खुर्सानी प्रतिकेजी रु ८०, लसुन हरियो प्रतिकेजी रु ८०, हरियो धनिया प्रतिकेजी रु ५०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु २८०, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु ६०, ताजा माछा (रहु) प्रतिकेजी रु ४२०, ताजा माछा (बचुवा) प्रतिकेजी रु ३००, ताजा माछा (छडी) प्रतिकेजी रु ३००, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु १,००० तोकेको छ ।रासस

# रेन्बो ट्राउट माछापालनतर्फ आकर्षित कृषक

हेटौँडा । चालु आर्थिक वर्षको छ महिनाम वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या दुई लाख ३० हजार ४३९ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ६२ हजार ६२८ रहेको छ । यो संख्या अघिल्लो वर्षको तुलनामा केही कम हो । नेपाल राष्ट्र बैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा दुई लाख ६ हजार ३९० जनाले अन्तिम श्रम स्वीकृति र एक लाख ३३ हजार ९४० ले पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए ।

वैदेशिक रोजगारीमा जाने नेपालीको लर्को लामो छ । वार्षिक आँकडा केलाउँदै जाने हो भने कुनै वर्ष केही हजारको संख्यामा तलमाथि भए पनि रोजगारीका लागि पलायन हुनेको संख्यामा खासै कमी आएको छैन ।

यद्यपी स्वदेशमै केही गरेर आर्थिकस्तर सुधार्न सकिन्छ भन्ने विश्वास पनि जाग्न थालेको छ । स्वदेशमै श्रम गरे, राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण देखिन थालेका छन् । हो, विदेशमा काम गरेर पैसा पठाउने नेपालीको ठूलो संख्यामा सामेल हुने सुरमा रहेका मकवानपुरका कृष्णबहादुर एक उदाहरण बन्नुभएको छ ।

वैदेशिक रोजगारीमा जान निस्केका थाहा नगरपालिका-५ खोलाघारीका कृष्णबहादुर मोक्तान अहिले लखपति किसान हुनुभएको छ । उहाँले ट्राउट माछापालन गरेर मनग्य आम्दानी गर्दै आउनुभएको छ । माछापालनसँगै किवी र तरकारीखेतीमा व्यस्त भएर उहाँले वार्षिक लाखौँ आम्दानी गरिरहनुभएको छ ।




विसं २०७७ देखि रू ६० लाख लगानीमा दुई रोपनी क्षेत्रफलमा ट्राउट माछापालनका लागि नौ खण्डको पोखरी निर्माण (रेसवे) गरेर उहाँले व्यावसायिक माछापालन सुरू गर्नुभएको थियो । युनिक कृषि फार्म दर्ता गरेर उहाँले पाँच हजार रेन्बो ट्राउट र स्थानीयस्तरमा पाइने सात हजार असला माछापालन गर्नुभएको छ ।

कुनै समय काठमाडौँमा रहेर सवारी चालकका रूपमा काम गर्ने मोक्तान वैदेशिक रोजगारीका लागि साउदी अरब जाने तयारीमा हुनुहुन्थ्यो ।

मेडिकल गर्ने क्रममा उहाँमा जन्डिस देखिएपछि असफल हुनुभयो । त्यसपछि रोजगारीका लागि विदेशिने मनसाथ बदलेर उहाँ आफ्नै गाउँमा केही गर्ने हेतुले घर फर्कनुभयो । "काठमाडौँमा सवारी चलाउँथेँ, नुवाकोटका एकजना दाइ र म सँगै काम गर्थ्यौं, उहाँकै सल्लाहमा आफ्नै गाउँ फर्केर कृषि कर्ममा लागेँ । काभ्रेमा माछापालनका लागि प्राविधिक ज्ञान लिएँ", मोक्तानले भन्नुभयो । विसं २०७४ को स्थानीय तहको चुनावमा वडा सदस्य जितेका मोक्तान पुनः वडा सदस्यमा चुनिनु भएको छ । हाल उहाँ कार्यवाहक वडाध्यक्ष हुनुहुन्छ । वडाको जिम्मेवारीसँगै उहाँले कृषि कर्मलाई अगाडि बढाउनुभएको छ ।

यहाँको कर्मभूमि सामुदायिक वनबाट निस्केको मूलको पानी काठमाडौँको गोदावरीमा जाँच गर्दा ट्राउट माछापालनका लागि उपयुक्त भएकाले माछापालन सुरू गरिएको मोक्तानको भनाइ छ । आफैँसँग भएको केही रकम र सहकारीबाट ऋण गरेर ट्राउट माछापालन सुरू गर्नुभएका उहाँले रू एक हजार पाँच सय प्रतिकेजीका दरले यहाँको माछा बिक्री गर्दै आउनुभएको छ । वार्षिक एक हजार सात सय किलो माछा उत्पादन गरी बिक्री गर्दै आउनुभएका मोक्तानले रू २५ लाख बराबरको कारोबार गर्दै आएको बताउनुभयो । सबै खर्च कटाएर वार्षिक १२ लाख बढी आम्दानी हुने गरेको उहाँको भनाइ छ ।

यहाँ उत्पादन भएको माछा हेटौँडा, काठमाडौँ र स्थानीयस्तर दामन, पालुङ र सिमभन्ज्याङमा खपत हुने गरेको छ । "बजारको समस्या छैन, उत्पादन गर्न सके बिक्री हुन्छ, प्रायः फार्ममै माछा लिन आउनुहुन्छ, माग भए बजार पनि पठाउँछौँ", मोक्तानले भन्नुभयो । उहाँले सञ्चालन गरेको ट्राउट माछापालन र किबीखेतीको काममा तीन जनाले रोजगारी पाउनुभएको छ ।

किसान मोक्तानले माछापोखरीबाट बगेको पानीलाई घट्ट चलाउन पनि प्रयोग गर्नुभएको छ । भविष्यमा रिसोर्ट बनाएर स्थानीय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ काम गरिरहनुभएका उहाँले स्थानीयस्टरमै उत्पादन भएको मकै, कोदो, फापर, माछा, सिस्नु र खोले सागको परिकार खुवाउने योजनाका साथ काम गर्नुभएको हो ।

यस्तै, उहाँले बाँझो र खेर गइरहेको आठ रोपनी जग्गामा हेवाड जातको किबी फल रोप्नुभएको छभने तरकारीखेतीका लागि एक सय मिटरको पाँचवटा टनेल पनि निर्माण गर्नुभएको छ । त्यस्तै २० रोपनी जग्गामा काउली, बन्दा, गाँजर मुला, आलुलगायत तरकारीखेती गर्दै वार्षिक रू ७ लाख बढी आम्दानी गर्दै आउनुभएको छ ।

पछिल्लो समय मोक्तानले दामनमा रहेको बागवानीबाट एक सय २० बोट किबीको बिरूवा ल्याएर रोप्नु भएको छ । गत वर्ष ३० किलो बढी किबी बिक्री गर्नुभएकामा आगामी वर्षबाट पूर्ण रूपमा उत्पादन लिन सक्ने उहाँको विश्वास छ ।

उहाँ जस्तै मकवानपुरका उत्तरी क्षेत्रका किसान रेन्बो ट्राउट माछापालनतर्फ आकर्षित भएका छन् । यहाँका किसानले आर्थिक उपार्जनका लागि माछापालनसँगै नगदेबाली लगाएर मनग्य आम्दानी गर्दै आएका छन् ।रासस

# हावाहुरीबाट लाखौँको केराखेतीमा क्षति, किसान निरास

इनरूवा । सुनसरी भोक्राहा नरसिंह गाउँपालिका-२ का जब्बार मियाँले भोक्राहा र इनरूवा-८ डुम्रहाको बङकुलवामा १४ बिघा क्षेत्रफलमा सामूहिक केराखेती गर्नुभएको छ । करिब रू ५० लाखको लागतमा जनमजदुर, खाद्यमल, बीउको अभावलगायत समस्याको बाबजुद केराखेती गर्नुभएको हो । नगदेबाली केराखेतीबाट राम्रो आम्दानी हुनेमा मियाँ निश्चिन्त हुनुहुन्थ्यो । मियाँ जस्तै खुर्सीद अन्सारीले दुई बिघामा केराखेती गर्नुभएको छ । रू नौ लाख लागतमा उहाँले केराखेती गर्नुभएको थियो । उहाँ पनि लगानीसहित नाफा लिने विश्वासका साथ केराको रेखदेख गर्दै हुनुहुन्थ्यो ।

तर केही दिनअघिको हुरीबतासले केराखेतीमा क्षति पुर्‍याँदा उहाँहरू निरास हुनुभएको छ । केराखेतीमा गरिएको लगानीअनुसार प्रतिफल आउने निश्चिन्त भए पनि असिनापानीसँगै आएको हावाहुरीले केराखेतीमा ठूलो क्षति भएको उहाँहरूले जानकारी दिनुभयो ।उहाँ दुवै जना सुनसरीका लागि उदाहरणको पात्रमात्र हुनुहुन्छ । दुई दिन लगातार असिनापानीसँगै आएको हुरीबतासका कारणले सुनसरीका अधिकांश किसानको केराखेतीमा



क्षति भएको कृषि ज्ञान केन्द्र इनरूवा सुनसरीले जनाएको छ । गत आइतबार राति र सोमबार साँझको हुरीबतासले खेतमा लगाएको केराको बोट ढलेर ठूलो क्षति भएको छ । स्थानीय किसानले ऋण लिएर गरेको केराखेतीमा एकैपटक यस्तो ठूलो हावाहुरी आएकाले लाखौँको लगानी डुबाउनेगरी क्षति भएको गुनासो स्थानीय किसानले गरेका छन् ।

सुनसरी सदरमुकाम इनरूवासहित दक्षिणवर्ती क्षेत्रमा पटक-पटक आएको ठूलो हुरीले केराखेतीसहित गहुँ र मकैखेतीमा पनि क्षति भएको स्थानीय किसानले बताएका छन् । इनरूवासहित, गढी गाउँपालिका, भोक्राहा नरसिंह, हरिनगर र देवनागञ्ज क्षेत्रका केरा बगानका लगभग सबै केराका बोट ढलेकाले क्षति भएको स्थानीय किसान जब्बर मियाँले बताउनुभयो ।

दुई महिनापछि बजार लान मिल्ने अवस्थामा रहेका केरा ढलेर नोक्सान हुँदा किसानको आर्थिक क्षति भएको इनरूवा केरा पकेट समितिका अध्यक्ष हरि मेहताले बताउनुभयो । इनरूवामा मात्रै सय बिघा क्षेत्रफलमा केराखेती भइरहेकामा अधिकांश केरालाई हुरीबतासले नोक्सान गरेको उहाँले बताउनुभयो ।रासस

# 'जनकपुरधाम कला र संस्कृतिको स्थल'




**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले जनकपुरधाम कला र संस्कृति स्थल रहेकाले यसको प्रचारप्रसार आवश्यक रहेको बताएका छन् ।

जनकपुरधाममा शुक्रबार तीन दिने जनकपुर अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको उद्घाटन गर्दै उनले समाज परिवर्तनमा सिनेजगतको महत्वपूर्ण भूमिका रहेको चर्चा गरे ।

सिनेमा महोत्सवले मिथिलाको कला संस्कृतिलाई विश्वबजारमापुऱ्याउनमामद्दतपुग्ने उनले बताए। उनले अभिभावकले आफ्ना बालबालिकाको हुनर पहिचान गरी अगाडि बढाउनुपर्ने भन्दै उनले यस प्रकारको महोत्सवहरु जनकपुरधाममा हुँदा कलाकारहरु पनि उत्पादन हुने बताए । कार्यक्रममा पूर्वमन्त्री जुली महतोले जनकपुरधामको विश्वमा छुट्टै पहिचान भएको भन्दै यहाँको कला संस्कृतिको साथसाथै यसको गरिमा धेरै महत्वपूर्ण रहेको बताए ।

उनले जनकपुरधाममा पनि फिल्मको छायाँकन हुन सक्ने किसमको वातावरण तयार गर्नका लागि सबैको सहयोग आवश्यक भएको जानकारी दिए । उनले जनकपुरधामको विकासमा धेरै पूर्वाधारको आवश्यकता रहेको भन्दै ती पूर्वाधारहरु निमार्णका लागि तीनतहकै सरकारको सहयोग आवश्यक भएको बताए ।

श्रम तथा यातायात मन्त्री कौशलकुमार यादवले नेपाली फिल्मलाई समेत विश्व बजारमा पुऱ्याउनका निमित यस प्रकारको महोत्सवको आवश्यकता रहेको भन्दै हाम्रा धार्मिक, सांस्कृतिक र परम्पराहरुलाई सिनेमाका माध्यमबाट विश्व समुदायलाई देखाउन सकिने बताए ।

प्रदेशसभा सदस्य राम सरोज यादवले समाजमा रहेका विकृतिहरु अन्त्यका लागि चेतना जगाउने काममा सिनेमा सबैभन्दा सबल माध्यम रहेको बताए ।

नेकपा (एमाले)का मधेश प्रदेशका संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले जनकपुरधाम एउटा ऐतिहासिक स्थल भएकाले यसको विशेषतालाई विश्व समक्ष पुऱ्याउने काममा सिनेमाको महत्वपूर्ण भूमिका रहेको बताए ।

विश्व हिन्दु महासंघ नेपालका उपाध्यक्ष ज्योत्सना साउदले सिनेमा उद्योगलाई नयाँ उचाइमा पुऱ्याउने बताए ।

सो कार्यक्रममा मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीसहितकाले महोत्सवको सफललताका लागि शुभकामना व्यक्त गरे । मैथिली विकास कोषको भवनमा तीन दिन सम्म चल्ने उक्त महोत्सवमा दस विधाबाट चयन भएका कुल ७८ वटा फिल्म प्रदर्शन गरिने योजना रहेको जनाइएको छ ।

# पर्यटन व्यवसायसंग जोडिन नसकेकाे मध्यमा परिक्रमा

ब्लग :



**श्यामसुन्दर शशि**

सनातन परम्परालाई निरन्तरता दिँदै फाल्गुन कृष्णपक्षको अमावश्या अर्थात् बिहीबारदेखि धनुषाको कचुरीस्थित मिथिला बिहारी मठबाट मध्यमा परिक्रमा शुरु भएको छ । बिहीबार कचुरीबाट प्रस्थान गरेका परिक्रमावासी जनकपुरधामको दक्षिण सीमामा उपस्थित हनुमान गढीमा रात्रि विश्राम गरे । अनि शुक्रबार बिहान यहाँबाट प्रस्थान गरेर कल्याणेश्वर महादेवको काँखमा रात्रि विश्राम गरेर शनिबार बिहान फागुन शुक्लपक्षको द्वितीया तिथिमा १५ दिने मध्यमा परिक्रमा विधिवत शुरु हुने छ । मिथिला बिहारीको डोलाको नेतृत्वमा धार्मिक यात्रामा निस्केका देशी-विदेशी साधु-सन्त-महन्त तथा श्रद्धालुहरुको टोली फागुन पूर्णिमाको पूर्व सन्ध्यामा जनकपुरधाम फर्किने छन् । पूर्णिमाको बिहान जनकपुरधाम नगरको अन्तःगृह परिक्रमा गरेर पन्ध्र दिने धार्मिक यात्रा सम्पन्न हुने छ।

हुँदै पुनः कल्याणेश्वर पुग्ने छन् । श्रद्धालुहरु विश्राम गर्ने ११ वटै स्थान धार्मिक महत्वका छन्। फुलहरमा राम र सीताबीच पहिलो मिलन भएको धार्मिक विश्वास छ । रामसीताको विवाहको बेला तयार गरिएको विवाह वेदीको माटो मटिहानीको पवित्र लक्ष्मीसागरबाट खनेर ल्याएको मान्यता छ । कञ्चनवनमा राम र सीता फागु खेलेको किम्वदन्ती छ भने सीता स्वयंम्वरको बेला भाँचिएको शिव धनुषको एक टुक्रा धनुषाधाममा खसेको बताइन्छ । यसैगरि सतोषरमा सप्तऋषिको आश्रम रहेको धार्मिक विश्वास छ।

देवी देवताको जन्मस्थान, धार्मिकस्थान तथा पवित्र पर्वत, नदी आदिको प्रदक्षिणा गर्ने परम्परा नयाँ होइन । राम जन्मभूमि अयोध्या, नेपालको पशुपतिनाथ, कृष्णजन्मभूमि मथुराजस्तै आदर्शनारी सीताको जन्मभूमि जनकपुरधामको परिक्रमा गर्ने पुरातन परम्परा हो । परिक्रमाका सहभागीलाई परिक्रमावासी भनिन्छ । अधिकांश सहभागी १५ दिनको खाद्यान्न, लत्ता- कपडा, औषधिआदि संगै लिएर जान्छन् । गृहस्थ र साधुहरु अ-आफ्ना घोडा, गाई, गोरु, गाडा, बाँदर पनि संगै लान्छन् ।

परिक्रमामाविशुद्ध पारिवारिक माहौल हुन्छ । यसै कारण परिक्रमावासी भनिएको हो । परिक्रमावासीहरु खाली खुट्टा यात्रा गर्छन् । शाकाहारी भोजन गर्छन् । वासस्थान अनुसार खानाको परिकार पनि फरक फरक हुन्छ। कञ्चनवनमा अरकञ्चन (गुंद्रुक जस्तो मैथिल परिकार), धनुषाधाममा रसभरी, करुणामा अल्हुवा(सकरकण्ड) र दूध, विशौलमा करी-बरही खाने चलन छ। खान-पानको व्यवस्था परिक्रमावासी आफै गर्छन् । स्थानीयवासीहरु सामूहिक भोजनको व्यवस्थापनि गर्छन् । सहभागीहरु दिनमा यात्रा गर्छन्, अनि भजन-कीर्तन गाएर रात बिताउँछन् ।




मध्यमा परिक्रमा यस भेगकै सबभन्दा लामो समयसम्म चल्ने धार्मिक यात्रा हो । परिक्रमावासीहरु नेपालका १ सय ५ तथा भारतका २८ गरी कुल १ सय ३३ किलोमीटर पैदल यात्रा गर्छन् । प्राचीन मिथिलाको राजधानी जनकपुरधामको चारै कुनामा स्थापित चार शिवालयहरु क्रमशः कल्याणेश्वर, जलेश्वरनाथ, क्षीरेश्वरनाथ र सतोषरलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवको कथन छ।

यात्रीहरु भारतको कलना, फूलगामा, करुणा र विशौल तथा नेपालको धनुषा र महोत्तरीका गरी ११ स्थानमा राति विश्राम गर्छन्। उनीहरु महोत्तरीको मटिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन तथा धनुषाको पर्वता, धनुषाधाम, सतोषर, औरही, विशौल

मध्यमा परिक्रमा चलिरहेको तथा विभिन्न विश्रामस्थलहरुको सर-सफाई, खाना-पानी, बिजुली, शौचालय, औषधि उपचार आदिको व्यवस्थामा स्थानीय सरकार जुटिरहेको बेला मेरो मनमा एउटा अनौंठो जिज्ञासाले दरिलो प्रभाव जमाएको छ । त्यो के भने १५ दिने परिक्रमाको क्रममा झण्डै २५ लाख श्रद्धालु सहभागी हुन्छन्, तर यस आयोजनबाट हामी आम्दानी कति गर्छौ ?

भारतको प्रयागराजमा आयोजित महाकुम्भ भर्खरै सकिएको छ । भनिन्छ- महाकुम्भमा झण्डै ६५ करोड श्रद्धालुले पवित्र स्नान गरे । भारत सरकार महाकुम्भ आयोजनमा केही सय हजार रुपैयाँ खर्च गरेको थियो र आयोजनबाट केही हजार करोड रुपैयाँ आम्दानी गऱ्यो । पशुपतिको दर्शन र सिद्राको व्यापार जस्तै हो । हामी यात्रीहरुका लागि भोजन, आवास, शौचालय, बिजुली वत्तीलगायत प्रायः सम्पूर्ण वस्तुको जोहो गरेर परिक्रमात्र होइन विवाह पञ्चमी, रामनवमी, झुला लगायतका पर्व-उत्सवहरुलाई निरन्तरता दिँदै आएका छौं। पुर्खाले शुरु गरेको परम्परालाई निरन्तरता दिनु हाम्रो दायित्व पनि हो, तर भारतले जस्तै यस्ता धार्मिक पर्व उत्सवहरुलाई हामीले किन व्यावसायीकरण गर्न सकिरहेका छैनौं ? जनकपुरधाममा आयोजित रामायण कन्क्लेभमा पाहुनाहरुलाई भारतमा निर्मित मायाको चिनो प्रदान गर्न अभिसप्त जनकपुरधामवासी आफ्नै मौलिक मायाको चिनो किन बनाउँन सकेका छैनौं ?

गंगा, यमुना, सरस्वतीको त्रिवेणीमा आयोजित महाकुम्भमा लाखौं रुपैयाँमा भाडा लाग्न सक्ने अस्थायी टेन्ट निर्माण गरिएको थियो । त्रिवेणी छेउमै हेली पैड निर्माण गरिएको थियो । अस्थायी पूल, सडक तथा सुविधा सम्पन्न स्टार होटलहरु निर्माण गरिएको थियो । र पो विल गेट्स र अम्बानीजस्ता खरबपतिहरु कुम्भमा स्नान गर्न गए । हामी मध्यमा परिक्रमा सडकसम्म निर्माण गर्न सकेका छैनौं । विश्रामस्थलहरुमा स्टार होटलको कुरै छाडौ राम्रा धर्मशालासम्म निर्माण गर्न सकेका छैनौं । जनकपुरधाममा आयोजन हुने पर्व उत्सवहरुमा पैसा खर्च गर्न सक्ने श्रद्धालुलाई आकर्षित गर्न तथा उनीहरुको प्रवास लम्ब्याउन भौतिक संरचनासँगै मौलिक खान-पान, कला-संस्कृति तथा शान्ति सुरक्षाको दरिलो व्यवस्थापन गर्न आवश्यक छ। जो तीनै तहको सम्मिलित प्रयासले मात्र सम्भव छ।

यद्यपि परिक्रमा सडक तथा विश्रामस्थलहरुलाई सुव्यवस्थित गर्न जनकपुरधाम उपमहानगर पालिकका प्रमुख मनोजकुमार साहको अगुवाइमा परिक्रमा पुग्ने धनुषा र महोत्तरीका ९ पालिकाका प्रमुखहरुले मेयर्स फोरम गठन गरेको छ । जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोज कुमार साह, मेयर्स फोरमको माध्यमले विश्रामस्थलहरुको सौन्दर्यीकरण, साफ सफाई, खानेपानी, शौचालय तथा धर्मशाला निर्माणलगायतका भौतिक संरचना निर्माणमा सहजीकरण गरिने बताएका छन् ।

# किसानको खातामा एक अर्ब ३७ करोड

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिकास्थित इन्दु शंकर चिनी उद्योगले चालु सिजनको अहिलेसम्म किसानलाई एक अर्ब ३७ करोड तीन लाख रुपैयाँ भुक्तानी गरेको जनाएको छ।

गएको मंसिर २७ गतेदेखि सञ्चालनमा आएको इन्दु शंकरले किसानलाई १ अर्ब ३७ करोड रुपैयाँभन्दा बढी रकम भुक्तानी गरेको उद्योगका प्रमुख प्रशासकीय अधिकृत ठाकुर नेपालले जानकारी दिए ।

उनले भने, 'फागुन १४ गतेसम्म उद्योगले २६ लाख ५१ हजार चारसय क्विन्टल उखु क्रसिङ गरेको छ,' नेपालले अघि थप्दैं भने, 'यो फागुन मसान्तसम्म उद्योग चल्ने अनुमान हामीले गरेका छौं ।'

इन्दु शंकरले सरकारले दिने अनुदान रकमबाहेक उद्योगको तर्फबाट किसानलाई दिनुपर्ने प्रतिक्विन्टल पाँचसय ८५ रुपैयाँका दरले एक सातामै भुक्तानी गरिएको छ ।

इन्दु शंकरले यस वर्ष ३० लाख क्वीन्टलभन्दा धेरै उखु क्रसिङ गर्ने लक्ष्य राखेको छ। यो लक्ष्यमा थोरै तलमाथि भए पनि यसवर्ष ३० लाख क्विन्टलभन्दा बढी नै उखु क्रसिङ हुने नेपालले बताए । गत वर्ष



इन्दु शंकरले २९ लाख क्वीन्टलभन्दा धेरै उखु क्रसिङ गरेको थियो ।

सरकारले गतवर्ष किसानले पाएको मूल्यमा प्रतिक्विन्टल २० रुपैयाँ थप गरेर चालु सिजनको लागि उखुको समर्थन मूल्य निर्धारण गरेको जनाएको छ ।

यस वर्ष उखुको मूल्य प्रतिक्वीन्टल पाँचसय ८५ रुपैयाँ निर्धारण गरिएको जनाएको छ । गत वर्ष उद्योगीले किसानलाई उखुको मूल्य प्रतिक्वीन्टल पाँचसय ६५ रुपैयाँ दिएका थिए ।

गत गर्ष सरकारले किसानलाई उखुमा प्रतिक्विन्ल ७० रुपैयाँ अनुदान दिएको थियो। गएको सिजनमा सरकारी अनुदानसहित किसानले उखुको मूल्य प्रतिक्वीन्टल ६ सय ३५ रुपैयाँ पाएका थिए ।

# न्याय मार्गदै प्रदर्शन

**टुडे समाचारदाता**

लहान । बलात्कारपछि मृत्यु भएकी सिरहाको नवराजपुर-१ स्थित भगवतीपुरकी रिंकु सदायको परिवारलाई न्याय दिलाउन दबाब दिन मुसहर समुदायले लहानमा प्रदर्शन गरिएको छ ।

सो प्रदर्शनमा सहभागी भएका मुसहर समुदायले हत्यारालाई पक्राउ गरेर रिंकु सदायको परिवारलाई न्याय देउ भने प्ले कार्डसहित लहान बजार प्रदर्शन गरेका छन् ।

माघ २७ गते साझ ७ बजेतिर घरभन्दा उत्तरतर्फ शौच गर्न जानुभएकी रिंकुलाई गाउँकै रूपेश मण्डल, चन्दन साह र रामविनय मण्डलले नियन्त्रणमा लिएर बलात्कार गरी बिहान ३ बजेतर्फ छोडेका थिए ।

बलात्कृत भएकी रिंकुकी परिवारले सामाजिक न्यायका लागि एक दिनपछि गाउँमा पञ्चायत बसेर गरेको एक लाख ४० हजार दण्ड जरिवाना समेत तीनै युवाका अभिभावकले दिन मानेन् ।

न्याय पनि भएन तोकिएको दण्ड पनि नपाएकी रिंकु घरमा कोही नभएको समयमा झुण्डिएको




> अहिलेसम्म घटनामा संलग्न देखिएका तीनै युवकलाई प्रहरीले पक्राउ नगरेको भन्दै प्रदर्शन गरेर दबाब दिएको मुसहर समुदायका अगुवा गंगा सदाय र रामस्वरुप सदायले बताए ।

अवस्थामा मृत्य फेला परेको थियो ।

अहिलेसम्म घटनामा संलग्न देखिएका तीनै युवकलाई प्रहरीले पक्राउ नगरेको भन्दै प्रदर्शन गरेर दबाब दिएको मुसहर समुदायका अगुवा गङ्गा सदाय र रामस्वरुप सदायले बताए ।

प्रहरीमा तीन जनाको नाममा जाहेरी दिँदा इलाका प्रहरी कार्यालयले आत्महत्या प्रोत्साहन मुद्दा एक जनाको नाममा मात्रै दर्ता गरेको थियो । बलात्कारमा संलग्न एक जनालाई पनि पक्राउ गर्न नसक्नु प्रहरी प्रशासनको कमजोरी भएको मानव अधिकारवादी राजकुमार राउतले बताए ।

यता प्रहरीले पञ्चायत गरेका तीन जनालाई नियन्त्रणमा लिएर छानबिन गरिरहेको छ भने बलात्कारमा संलग्न रुपेश मण्डल, चन्दन सदाय र रामविनय मण्डल फरार रहेकोले प्रहरीले खोजी गरिरहेको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी वीरेन्द्रकुमार पासवानले बताए ।

# भारतीय प्रहरीद्वारा गाँजा बरामद

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको भिठ्ठामोड सिमानाकाबाट भारततर्फ कारमा तस्करी गरिएको गाँजासहित भारतीय प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको जनाइएको छ ।

रबानी अन्सारीलाई ७३ किलोग्राम गाँजा भारतीय प्रहरीले पक्राउ गरेको छ । जनकपुरधामबाट भिठ्ठामोड हुँदै भारततर्फ गएको बीआर ०१ बीवाई ८५०८ नम्बरको कारबाट गाँजासहित २ जनालाई पक्राउ गरिएको छ ।



नेपाल-भारत सिमाक्षेत्रमा सशस्त्र प्रहरी र नेपाल प्रहरीले चेक गरी भारततर्फ पठाएको कारबाट दशगजा क्षेत्रमै भारतीय सुरक्षा प्रहरीले चोक गर्दा ७३ किलोग्राम गाँजासहित २ जनालाई नियन्त्रणमा लिएको छ ।

भारत बलुवाही हनुमाननगर-५ स्थित भुतहीका देवशंकर कुमार र

शुक्रबार नेपाल तर्फबाट भारत प्रवेश गर्दा चेकपोस्टमा कारबाट गाँजा बरामद भएको भिठ्ठामोड बीओपीका सशस्त्र प्रहरी निरीक्षक खम्बराज भण्डारीले बताए । जनकपुरधामबाट भारत सीतामाढीको बरियारपुर गाँजा लिएर जाने क्रममा भारतीय प्रहरीले पक्राउ गरेको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८